महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

खजुरा गाउँपालिका

बाँके

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

खजुरा गाउँपालिका

बाँके



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०

च.नं. ११५

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

खजुरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

बाँके ।

कैफियत सहितको राय

हामीले खजुरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.५ करोड ३७ लाख १ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.८ लाख १७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ३४ लाख ५९ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ९४ लाख २५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१८ करोड २ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड ३९ लाख ५ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

खजुरा गाउँपालिका, बाँके

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६८	७८	५३७०१	०	०	०	६८	७८	५३७०१	८१७	१९४२५	३३४५९	०	०	५२८८४	०

१.२ प्रतिक्रियाबाट फस्योंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.
	नभएको		

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
खजुरा गाउँपालिका बाँके	१८०२०४	०	०	१८०२०४	०	५३७०१	२३३९०५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : खजुरा गाउँपालिका, बाँके , खजुरा गाउँपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Arjun Subedi	२०७९-११-१९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Maniram Kharal	२०७७-६-१	२०७८-१०-१६
लेखा प्रमुख	Pradip Sunar	२०७५-११-११	हाल सम्म कार्यरत
		बेरुजु रकम	५३,७००,७८२.७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०,३५,२१,२५३.८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४९,९४,२२,४५१	**चालु खर्च**	७३,८६,२०,५११.६
प्रदेश सरकारबाट अनुदान	४,८५,२५,६९६.२	**पूँजीगत खर्च**	२१,८९,२३,३३१.५९
राजश्व बाँडफाँट	१०,७५,२४,०९५.४	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	१,७०,२२,२०१.६५		
अन्य आय	३२,६७,५१,५८३.९४		
कुल आय	९९,९२,४६,०२८.१९	**कुल खर्च**	९५,७५,४३,८४३.१९
बाँकी मौज्दात		१४,५२,२३,४३८.८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१				

सि.नं.	आयतर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	
१	गत वर्षको जिम्मेवारी		१०३५२१२५४	१	चालु खर्च		४६८५८७३४२
	क) नगद				क) गाउँपालिका	१४७४००२९८	
	ख) बैंक	१०३५२१२५४			ख) सशर्त अनुदान	२८९०००९२४	
	ग) स्रोत नखुलेको धरौटी				ग)प्रदेश विशेष अनुदान	६७६३९६८	
२	राजस्व (आन्तरिक आय)		१५५९५०३१७		च) प्रदेश सशर्त अनुदान	२५४२२१५३	
	क) आन्तरिक राजस्व	१७०२२२०२			पूँजीगत खर्च		२१८९२३३३२
	ख) संघीय राजस्व बाँडफाँड	१०७५२४०९५			क) गाउँपालिका	१७०३४५३९५	
	ग)) वन रोयल्टी	४९०११४		२	ख) सशर्त अनुदान	४५५५३५२१	
	घ) सवारी साधन कर	८१२५९३५			ग)संघीय विशेष अनुदान	३०२४४१६	
	ङ)मालमोत रजिष्टेशन शुल्क	२०२५४३३६			च) प्रदेश सशर्त अनुदान	०	
	च) जिल्ला समन्वय समिती	२२९२४९४			छ)विविध खर्च खाता	१०६०८२५६	१०६०८२५६
	छ) चेक नसटेको रकम	२४११४१			छ स्थानिय तह विविध कोष खाता	०	
३	संघीय सरका वित्तीय हस्तान्तरण		४९९४२२४५१		१. संघीय सशर्त अनुदान चालु फिर्ता		०
	क)वित्तीय समानीकरण अनुदान	१५९४०००००			२.संघीय सशर्त अनुदान पुजिगत फिर्ता		

	ख) सशर्त अनुदान	३३४५५४४४५			३. प्रदेश सशर्त अनुदान पुजीगत को फिर्ता		
	ग) समपूरक अनुदान	२४४३५९०			३. प्रदेश सशर्त अनुदान चालु को फिर्ता		
	घ)बिशेष अनुदान	३०२४४१६			३. प्रदेश विशेष अनुदान चालु को फिर्ता		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		४८५२५६९६		३. प्रदेश समपुरक अनुदान पुजीगत फिर्ता		
	क)वित्तीय समानीकरण अनुदान	७५८५०००			३. प्रदेश विशेष अनुदान पुजीगत फिर्ता		
	ख) सशर्त अनुदान	२५४२२१५३			२.संघीय विशेष अनुदान पुजिगत फिर्ता		
	ग) समपूरक अनुदान	८७५४५७६			वित्तीय व्यवस्था भुक्तानी		
	घ) विशेष अनुदान	६७६३९६८			क) ऋण भुक्तानी	0	
	क)विविध खर्च खाता २.७	१०८५२३७०	१०८५२३७०	३	ख) ब्याज भुक्तानी	0	
	ख) स्थानिय तह विविध कोष खाता ५.१	१७६०६०	१७६०६०		ग) अन्य भुक्तानी	0	
					लगानी		
५	अन्तर स्थानीय तहबाट प्राप्त	0			ऋण लगानी	0	
६	वित्तीय व्यवस्था प्राप्ति			४	शेयर लगानी	0	
	क) ऋण प्राप्ति	0			अन्य लगानी	0	
	ख) साँवा प्राप्ति	0			धरौटी फिर्ता	९३११७४३	९३११७४३
	ग) ब्याज प्राप्ति	0			कोष खर्च		
	घ) अन्य प्राप्ति	0		५	क) प्रकोप व्यवस्थापन कोष खाता खर्च	२६८३४९९	२६८३४९९
	विभिन्न कोषतर्फको आय	0		६	मौज्दात		१४५२२३४३९

७	क) प्रकोप व्यवस्थापन कोष खाता	८२३५४२३	८२३५४२३		क) नगद मौज्दात		
	जनसहभागिता (नगद)			७	ख) बैंक मौज्दात (संन्चित कोष)	११९९०९०४४	
८	विषयगत निकायबाट प्राप्त रकम				ग) बैक मौज्दात (विविध खर्च खाता) २.७	२४४११५	
					छ स्थानिय तह विविध कोष खाता ५.१	१७६०६०	
					ग) बैक मौज्दात (धरौटी कोष)	१९३४२२९६	
					ग) बैक मौज्दात (प्रकोप व्यवस्थापन कोष)	५५५१९२४	
९	धरौैटी आय	२८६५४०३९	२८६५४०३९		अन्य विविध व्यय		
१०	अन्य सिग्यास		२४७४२९६७२		अन्य सिग्यास व्यय		२४७४२९६७२
	क जेष्ठ नागरिक दीर्घ सेवा सम्मान कार्यक्रम	२२८०७२५५१		८	क) जेष्ठ नागरिक दीर्घ सेवा सम्मान कार्यक्रम	२२८०७२५५१	
	ख)एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	१४५९४५५१		९	ख)एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	१४५९४५५१	
	ग) गरिव स्नंग विश्वश्वर कार्यक्रम	४६४०००			ग) गरिव स्नंग विश्वश्वर कार्यक्रम	४६४०००	
	घ)स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	४२९८५७०			घ)स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	४२९८५७०	
	जम्मा	११०२७६७२८२	११०२७६७२८२		जम्मा	११०२७६७२८२	११०२७६७२८२

परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रामग्राम नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु खजुरा पालिकाको उद्देश्य रहेको छ । यस खजुरा गाँउपालिका अन्तर्गत ८ वडा, ४६ सभा सदस्य, १०१.९१ वर्ग कि मि क्षेत्रफल तथा ५५००६ जनसंख्या रहेको छ ।

२			**लेखापरीक्षण** लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको ़ लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।११।०४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्	
४			**स्थानीय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	
४			**अनुदानको सदुपयोग** कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । पालिकाले विधालयहरुलाई उपलब्ध गराउने अनुदान निकासा दिएको छ । पालिकाले अनुदान उपलब्ध गराउदा विधालयहरुको अनुदानको गुणस्तर परीक्षण र सहि सदुपयोग भए नभएको बारेमा कार्यालयले अनुदान रकमको खरिद बिल अनुसारको बिल भरपाई पुष्टयाई सहित फोटो सहितको अनुगमन गरी अनुदानको सहि सदुपयोग भएको सुनिश्चितता गर्नुपर्दछ ।	
५			**सम्पतिको अभिलेख** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
६			**सम्पति हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
७			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन	

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ७ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।
- सार्वजनिक खरिद नियमावली २०७४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

उक्त नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८			**कानुन निर्माण र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ६ वटा नियमावली, ५७ कार्यविधि लगायत ८५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकालाई आवश्यक पर्ने कानून समयमा नै बनाई कामकाजलाई सरल बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।	
९			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२ वटा र यो बर्ष थप भएको ११२ वटा गरी कुल १२४ विवाद दर्ता भएकोमा ८० वटा फछ्यौट भई ४४ वटा मुद्दा किनारा लगाउन बाकी देखिन्छ । तसर्थ न्यायिक समितिमा दर्ता भएका मुद्दाहरुको कानुनमा भएको व्यवस्था बमोजिम समयमा नै किनारा गर्नुपर्ने देखिन्छ ।	
१०			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु २८५४९४५ खर्च गरेको छ जुन पालिकाको आन्तरिक आयको १६.७७ प्रतिशत रहेको छ । पालिकाले आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नु पर्दछ ।	
११			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले आर्थिक सहायता कार्यविधि नबनाई पालिका अध्यक्षको तोकको आधारमा यस वर्ष ७० जनालाई ४९४५००।- आर्थिक सहायता वितरण गरेका छन् जुन पालिकाको आन्तरिक आयको २.९ प्रतिशत रहेको छ । यसरी कार्यालयले कार्यविधि बेगरको खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१२			**अनुदान फिर्ता** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तसम्म बचेको रकम देहायबमोजिमको अनुदान फिर्ता गरेको देखिन्छ ः	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	३६१९८२०००	३३४५५४४४५	२७४२७५५५	०
	विषेश	५१२५५१५	३०२४४१६	२१०१०९९	०
	समपुरक	२४९९३५१	२४४३५९०	५५७६१	०
प्रदेश सरकार	शसर्त	२८५४४०००	२५४२२१५३	३१२१८४७	०
	विषेश	७४०००००	६७६३९६८	६३६०३३	०

			समपुरक	१५००००००	८७५४५७६	६२४५४२४	०

१३ **अवण्डा रकम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष रु १ करोड ७५ लाख अबण्डा राखेको छ। उक्त अबण्डा रकम कार्यपालिकाको मिति विभिन्न मितिको निर्णयबाट चालुतर्फ २५ लाख र पुजीगततर्फ रु १ करोड ५० लाख बजेट व्यवस्था गरी खर्च गरेको छ। बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१५ **बजेट रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा भएको व्यवस्था बमोजिम कार्यपालिकाले स्वीकृत बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षक प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ। पालिकाको मिति २०७८/०९/२९ को निर्माणबाट रकमान्तर रु ५००७०१९२.३५ रकम बराबरको गरेको देखिन्छ। पालिकाले बजेट रकमान्तर गर्दा आवश्यकता र औचित्यको आधारमा बजेट रकमान्तर गर्नु पर्दछ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
				जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	७७६५४०००	५३३६१५४७	८
२	पूर्वाधार विकास	२४९६०९५४२	१६१५३००३७	२३
३	सामाजिक विकास	३९४४००३७०	३६६४७१५१३	५३
४	बातावरण तथा विकास			
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२८९२६०००	१२४२९२५८	२
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	११६००६६२२	९३७१८३१९	१४

	जम्मा खर्च		६८७५१०६७४	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २ प्रतिशत रहेको छ। पालिकाले बजेट विनियोजन गर्दा सन्तुलित बजेट पेश गर्नु पर्दछ।

१७ **चौमासिक पुँजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु हजारमा)			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	२१८९२३	१४०२०	६११३४	१४३७६८	७८४६६
प्रतिशत		६	२७	६७	३५

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु २१ करोड ८९ लाख २३ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु १ करोड ४० लाख २० हजार अर्थात ६ प्रतिशत, दोश्रो चौमासिकमा रु ६ करोड ११ लाख ३४ हजार अर्थात २७ प्रतिशत र तेश्रो चौमासिकमा रु १४ करोड ३७ लाख ६८ हजार अर्थात ६७ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु ७ करोड ८४ लाख ६६ हजार अर्थात ३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

१८ **बजेेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष श्री मञ्जु मल्लले मिति २०७८। ३। १० गते रु ७५ करोड ८३ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ३। २५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको मिति २०७८/४/७ देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

१९ **बजेट सिमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान

			जानुपर्दछ।	
२०		२०७९-१०-१३	**कर्मचारी दरबन्दी र पदपूर्ती** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।	
२१			**तलबि प्रतिवेदन** निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखिन्छ। यसरी कार्यालयले तलब खर्च लेख्दा तलबी प्रतिवेदन जारी गरी मात्र खर्च लेख्नु पर्दछ।	
२२			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा ६१ जना कर्मचारीहरु करारमा राखि रु २१३३९९७८ खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १४ जना करार नियुक्ति गरी बर्षभरीमा रु ४३४७७२० भुक्तानी गरेको अनियमित दिखएको रु	४,३४७,७२०
२३			**कानुनी सल्लाहकार** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ। तर गाउँपालिका अध्यक्षको १ जना कानुनी सल्लाहकारको रुपमा नियूक्त गरी रु १८०००० तलब भत्तामा भुक्तानी गरेको अनियमित देखिएको रु	१८०,०००
२४			**धरौटीको अभिलेख** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ६८ (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा अनुसूची–१० बमोजिमको ढाँचामा गोश्वारा धरौटी खाता र अनुसूची–११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ। धरौटी रकमको छुट्टै बैंक नगदी किताब समेत राखी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्नेछ। पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्दछ।	
२५			**धरौटी फिर्ता** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम धरौटी फिर्ताको अन्तिम भुक्तानी दिंदा निर्माण कार्यको हकमा त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पादन जमानत र नियम १२३ को उपनियम (४) बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नु पर्नेछ। रिटेन्सन मनीको बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूतिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्दछ।	

२६

वित्तिय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।
- कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

२७

बैक हिसाब मिलान

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु १०००० फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार नगरेकोले बैकमा श्रेष्ताको भन्दा बढी देखिन्छ।

खाताको नाम	श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी	फरक
सञ्चित कोष	११९६६७९०३	११९८३१४६९	
चालु खाता		४४४७७	
पूँजीगत खाता		२४८६६४	
विविध खर्च खाता	०	२८५४९	
कल्याण कोष खाता	०	०	
प्रकोप व्य कोष खाता	५५४१९२४	५५५१९२४	१००००

२८

खर्च विश्लेषण

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १७०२२२०१.६५ राजस्व बाँडफाँड र अनुदानबाट रु १०८५७४५०८०.२७ समेत रु ११०२७६७२८१.९२ आम्दानी भएकोमा चालु तर्फ रु ४६८५८७३४२.३६ र पूँजिगत

			तर्फ रु २१८९२३३३१.५५ समेत रु ९५,७५,४३,८४३.१९ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सबिधामा रु ८२१३९९९.६७ खर्च भएको छ जुन आन्तरिक आयको ४८.२५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७ प्रतिशत चालु र २३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।	
२९			**अनुदानको अनुगमन** कार्यालयले आफूले दिएको अनुदान उपयोगको सुनिश्चतताको लागि अनुगमन को व्यवस्था गर्नुपर्दछ। पालिकाले पाठ्यपुस्तकमा रु ७४७२२१५.४७ छात्रवृतिमा रु. ३०२४००० र दिवाखाजामा रु २१५१८४१२ अनुदान विधालयहरुमा पठाएको देखिन्छ। विधालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन। अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शिर्षामा खर्च भयो भएन यकिन गर्न सकिएन। यसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनलाई पालिकाले परीक्षण गरी अनुदान सुनिश्चितताको यकिन गर्नु पर्दछ।	
३०	३२	२०७८-६-६	**कर्मचारी थप सुविधा** निजामती सेवाका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ र १२ मा उल्लेख भएका सेवा सुविधामात्र लिन पाउने व्यवस्था गरेको छ। पालिकाको बार्षिक नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष संलग्न रही बजेट प्रविष्टि गर्ने कार्यमा योगदान गरेवापत पालिकाका १० जना कर्मचारीहरुलाई एक महिनाको तलव बराबर रु ३१४४२०।०० थप सुविधा प्रदान गरिएको पाइयो। तोकेको कानुनी व्यवस्थासंग बाझिने गरी पालिकाले पटके निर्णयका आधारमा गरिएको खर्च नियमसंगत देखिएन।	३१४,४२०
३१			**विलभरपाई पेश नगरेको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण वा कागजात संलग्न हुनुपर्दछ। पालिकाले मुस्लिम मधेसी सीमान्तकृत गरिब असहाय कक्षा ११ र १२ का छात्राहरुका लागि छात्रवृति कार्यक्रम अन्तरगत विभिन्न ४ विद्यालयका ५७ विद्यार्थीहरुलाई जनही ५२००।०० का दरले जम्मा रु २९६४००।०० वितरण गरेकोमा त्यस्तो वितरणकार्यको भरपाई नगराउदाँ सम्वन्धित छात्राहरुले छात्रावृति रकम प्राप्त गरेको यकिन गर्न नसकिएको रु	२९६,४००
३२			**इन्धन तथा खाजा भत्ता** निजामती सेवाका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ र १२ मा उल्लेख भएका सेवा सुविधामात्र लिन पाउने व्यवस्था गरेको छ। पालिकाले सबै कर्मचारी र वडामा काम गर्ने वडासचिबलाई इन्धन बापत रु १०००।०० र खाजा खर्च वापत रु १०००।०० गरी मासिक रु २०००।०० भत्ता दिने गरी निर्णय गरेको पाईयो। यस आर्थिक वर्षमा कुल कर्मचारी इन्धन र खाजा शीर्षकमा रु ११५८०००।०० खर्च गरेको छ। तोकेको कानुनी व्यवस्थासंग बाझिने गरी पालिकाले पटके निर्णयका आधारमा गरिएको खर्च नियमसंगत देखिएन।	१,१५८,०००
३३			**भ्रमण खर्च** लुम्विनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको। • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको।	

<table>
<tr><td></td><td></td><td></td><td>● भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

● कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

● स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>सामाजिक सुरक्षा वितरण

सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको विवरण अनुसुची – ५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकासा दिनुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा वापत गाउँपालिकाले रु. २२६५१०२७२।- खर्च गरेको छ। कार्यालयले अनुसुची-५ अनुसारको मुल अभिलेख लेखापरीक्षण समक्ष पेश गरेको छैन। सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछर्यौट भएपश्चात दोश्रो किस्ता र सो फछर्यौट गरी तेश्रो किस्ता निकासा दिई फछर्यौट गर्नुपर्नेमा आ.बको अन्त्यमा मात्र पेश्की फछर्यौट गरेको छ। अघिल्लो किस्ताको सामाजिक सुरक्षा भत्ता पेश्की फछर्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>अध्यावधिक विवरण

पालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३६</td><td>१३५</td><td>२०७९-१-१६</td><td>शैक्षिक गुणस्तर सुदृढिकरण अनुदान

कार्यालयले पालिकाभित्र रहेका ९ विधालयहरुलाई शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहनमा आधारित अनुदान रु ५८,५०,००० निकासा दिएको देखिन्छ । तर यस सन्दर्भमा खर्च पुष्टयाईको बिल भरपाई प्रमाण पेश नभएको देखियो । तसर्थ विधालयहरुले कार्यक्रम अनुसारको खर्च गरेको बिल भरपाईको पुष्ठयाई सहितको अनुगमन गरी अनुदान सदुपयोगको सुनिश्चितता हुनुपर्दछ । यसरी पालिकाले दिएको अनुदानको सहि सदुपयोगको लागि बिल भरपाई चेक जाच गरी सम्बन्धित शिर्षकमा खर्च भए नभएको बारे अनुगमन गरी अभिलेख राख्नु पर्दछ । ति विधालयहरुको देखिएका व्यहोराहरु निम्न रहेका छनः

<table>
<tr><th>विधालयको नाम</th><th>खर्च प्रयोजन</th><th>निकासा रकम</th><th>खर्च रकम</th><th>बचत रकम</th><th>कैफियत</th></tr>
<tr><td>जनता मा.वि.बठवा</td><td>आइसिटि</td><td>६५००००</td><td>६४६३६०</td><td>३६४०</td><td>अनुगमन गर्नुपर्ने</td></tr>
<tr><td>पशुपति मा.वि.धिया</td><td>आइसिटि</td><td>६५००००</td><td>६४९९००</td><td>१००</td><td>सक्कल बिल पेश नभएको</td></tr>
<tr><td>ने.रा.मा.वि.गोदहना</td><td>आइसिटि</td><td>६५००००</td><td>६५०९९७</td><td>०</td><td>जिन्सी दाखिलामा विधालयको छाप छैन</td></tr>
<tr><td>अमर मा.वि.गौघाट</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td><td>६६३३४८</td><td>०</td><td>अनुगमन गर्नुपर्ने</td></tr>
</table></td><td>२४,०३२</td></tr>
</table>

ज्ञानोदया नमुना मा.वि.खजुरा	विज्ञान प्रयोगशाला	६५००००	६६७८८४	०	सक्कल बिल नभएको
जनता मा.वि.बठवा	विज्ञान प्रयोगशाला	६५००००	६४३६८३	६३१७	कोटेशनमा रु ६४३६८३ मा उपलब्ध गराउने भनिएकोमा बढीको बिल पेश
पशुपति मा.वि.घिया	पुस्तकालय	६५००००	६५०१५२	६५४९	रु ६५४९ घट्टी कर दाखिला
ने.रा.मा.वि.गोदहना	पुस्तकालय	६५००००	६५००००	०	अनुगमन गर्नुपर्ने
शुक्र मा.वि. कैगाउ	पुस्तकालय	६५००००	६५१३४०	७४२६	रु ७४२६ घट्टी कर दाखिला
जम्मा		५८५००००		२४०३२	

३७			**समानिकरण अनुदानबाट शिक्षकको तलब** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका प्रा.वि. , निमावि र मा.वि. गरी जम्मा ३२ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ९८६७५४२ तलब भत्ता भुक्तानी गरेको पालिकाले उपलब्ध गराएको विवरणमा देखिन्छ।	
३८			**शैक्षिक तथ्याङ्क** पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७८/७९ मा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ। कार्यालयले कृयाकलाप नं .१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ। विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलब्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०७८ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलब्ध गराउनु पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी एकिन गर्न सकिएन।	
३९			**विधालयगत निकासा अभिलेख** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।	
४०			**विधालय छात्रवृति** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारी गरिएको कार्यक्रम कार्यन्वयन निर्देशिका, २०७८/७९ को स.नं. ४.१ र ४.२ अनुसार कक्षा १-८ सम्म छात्रा तथा दलित छात्रछात्रालाई प्रति विधार्थी वार्षिक रु ४०० का दरले उपलब्ध गराउने व्यवस्था छ। कार्यालयले पालिका भित्र रहेका विधालयहरुमा वास्तविक लाभग्राहिहरुको संख्या यकिन गरी निकासा दिनुपर्दछ र विधालयले वितरण गरेको भरपाई लिई घट्टी वितरण गरेको देखिए निकासा फिर्ता लिई संघीय संचीत कोष खातामा जम्मा गर्नुपर्दछ। कार्यालयले विधालयहरुलाई छात्रवृति वापतको रकम रु ३०,२४,००० एकमुष्ठमा निकासा दिएको देखिन्छ। नमुना छनौटको रुपमा विधालयहरुको छात्रवृति निकासा र विधालयल विधार्थीलाई वितरण गरेको भरपाईको परीक्षण गर्दा निन्न विधालयहरुको विधार्थीलाई निकासा भन्दा कम वितरण गरेको देखिएको असुल हुनुपर्ने रु	५१९,०००

विधालयको नाम	निकासा रकम	वितरण रकम	बचत रकम
श्री ज्ञानोदया नमुना मा.वि. खजुरा-३	३४६०००	२०८४००	१३७६००
श्री ने.रा.आदर्श आ.वि. खजुरा-४	२६८००	२१२००	५६००
श्री मनकामना आ.वि. खजुरा-४	८३६००	७६४००	७२००
श्री आदर्श मा.वि. खजुरा-३	१११२००	५५८००	५५४००
श्री ने.रा.मा.वि.खजुरा-३ मनकामनापुर	९२०००	७२०००	२००००
श्री जनकल्याण मा.वि. बद्रीपुर	१०२८००	९४४००	८४००
श्री जनता नमुना मा.वि. सन्तकुटी	२९३२००	१३२८००	१६०४००
श्री मैटहवा मा.वि. खजुरा-१ चन्द्रनगर	८४४००	५६४००	२८०००
श्री योगिनी मा.वि. खजुरा-२ गौघाट	९३६००	६४८००	२८८००
श्री ने.रा.प्रा.वि. खजुरा-२ गुराँसपुर	२६०००	१८८००	७२००
श्री जनता मा.वि. खजुरा-७ बठवा	७५६००	६१६००	१४०००
श्री जनसेवा मा.वि. खजुरा-६ गिजरा	१९४०००	१७६४००	१७६००
मदरसा इस्लामिया रजा उलुम, सोनपुर	३४०००	१०४००	२३६००
मदरसा जामिया अरबिया, उढरापुर	२८४००	२३२००	५२००
जम्मा	१५९१६००	१०७२६००	५१९०००

४१

निशुल्क पाठयपुस्तक

१३१,७०६.७

पालिकाले पालिका भित्र रहेका विधालयहरुलाई पाठ्यपुस्तकको अनुदान वितरण गर्दा अनुदान रकम बराबरको पाठ्यपुस्तक खरिदको सकल बिल र खरिद गरिएको पुस्तकको वितरणको भरपाई सुरक्षित साथ राख्नु पर्दछ। तर पालिकाले विधालयलाई पाठयपुस्तकको लागि निकासा दिएको नमुना छनौटको रुपमा परीक्षण गर्दा निम्न विधालयहरुले पाठयपुस्तक खरिद गरी पेश गरेको बिल भरपाई रकम निकासा दिएको रकम भन्दा घट्टी रहेको देखिन्छ। यसरी पाठयपुस्तकबाट बचत रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु

बिधालयको नाम	पा.पु.निकासा	पा.पु. खरिद बिल	बचत रकम
श्री ने.रा.प्रा.वि.खजुरा-३ कैगाउ	२७६०९.३	२३६८७	३९२२.३
श्री पशुपति मा.वि. खजुरा-८ घिया	१८७०९०.२	१८३०००	४०९०.२

श्री ने.रा.प्रा.वि. खजुरा-२ गुँरासपुर	४५८६७.३	२७८७९.८	१७९८७.५
श्री ने.रा.पशुपति प्रा.वि. खजुरा-२ गौरीनगर	२५७४५.५	१९१५१.४	६५९४.१
श्री ने.रा.आ.वि. खजुरा-७ सिन्दुरी	१८३५६७.४	१६४६४०.६	१८९२६.८
श्री ने.रा.मा.वि. खजुरा-७ गोदहना	३४००१३.२	३२६३३७	१३६७६.२
श्री कालिका प्रा.वि. खजुरा-७ सोनवर्षा	१०४१५७.६	९८१६६	५९९१.६
श्री ने.रा.प्रा.वि. खजुरा-५ रजनवा	९१४५५.४	९०३९५	१०६०.४
मदरसा रजाउन उलुम, चमकदारपुर	१०२३८५.२	७५६९९	२६६५९.२
मदरसा इस्लामिया ख्वाजा, सोनपुर	५५०५६	४१०८८	१३९६८
मदरसा गुल्सने वरकात, सोनपुर	३७१४७.२	३०८६४	६२८३.२
मदरसा जामिया अरबिया उलुम, उढरापुर	५११९६.८	३८६४९.६	१२५४७.२
जम्मा	१२५१२९१	१११९५५७	१३१७०६

४२ **विधालयगत अभिलेख**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकाले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ। गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।

४३ **रिफ्रेसर तालिम**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ। कार्यालयले संचालन गरेको महिला स्वास्थ्य स्वंम सेविकाहरुका लागि रिफ्रेसर तालिमको उदघाटन तथा समापन कार्यक्रममा सहभागि भएवापत पालिका विभिन्न पदाधिकारी तथा कर्मचारीहरुले रु २४००० सहभागि भत्ता बुझेको देखिन्छ। यसरी पालिका भित्रको आफ्नै कार्यक्षेत्रको कार्यक्रमको लागि पदाधिकारी तथा कर्मचारीहरुले लिएको सहभागि भता बुझेको उपयूक्त देखिदैन।

४४ **स्वास्थ्य तलबि प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ। तसर्थ तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

४५			**जिन्सी अभिलेख** कार्यालयमा रहेको जिन्सीको अभिलेख अध्यावधिक गरी राख्नु पर्दछ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको जिन्सीको PAMS मा नरहेको जनाएको छ। यसरी जिन्सीको अभिलेख अध्यावधिक नहुदा जिन्सी मालसमानहरुको सुरक्षा नहुने देखिन्छ। तसर्थ, कार्यालयले जिन्सी अभिलेख व्यवस्थित राख्नु पर्दछ।	
४६	४	२०७८-६-४	**बढी तलब निकासा** कार्यालयले कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा कर्मचारीको वास्तविक तलब यकिन गरी मात्र भुक्तानी गर्नु पर्दछ। कार्यालयले स्वास्थ्य तर्फको ४४ कर्मचारीहरुको साउन र भाद्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साउन महिनामा रु २०२८६४१.७ र भाद्र महिनामा रु २०३२५९१.८ गरी तलब जम्मा तलब रु २०६१२३३.६ बजेट खर्च हुनुपर्नेमा भाद्र महिनाको जम्मा तलबलाई २ महिनाको गुणन गरी रु ४०६५१८३.६ बजेट खर्च लेखेको देखिन्छ। यसरी बजेट खर्च लेखेकोले रु ३९५० बढी भुक्तानी गरेको सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्ने रु	३,९५०
४७			**स्वास्थ्य कार्यक्रम** कार्यालयबाट सञ्चालित विभिन्न तालिम कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ। कार्यालयले नेपाल सरकार सशर्त कार्यक्रम स्वास्थ्य तर्फ सञ्चालित अधिकांश तालिम कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरेको छैन र अधिकाशं कार्यक्रमहरु असारमा भएको देखिन्छ।जसबाट भएको खर्च र कार्यक्रम विच तादात्म्यता भएको छ भनी आश्वस्त हुन सकिएन।	
४८			**औषधि खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष औषधि खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ रु १४९०७०५ को सोझै खरिद गरेको देखियो।	
४९	२२९	२०७९-३-१५	**संघीय सशर्तबाट तलब** संघीय सशर्त तर्फको कुनै पनि कार्यक्रमको भुक्तानी दिदा सम्बन्धित शिर्षकबाट मात्र खर्च लेख्नु पर्दछ। तर कार्यालयले पालिका तर्फको स्वास्थ्य कर्मचारीहरुको असार महिनाको तलब रु ४०२२०० संघीय सशर्तको शिर्षकबाट खर्च लेखेको देखिन्छ। यसरी संघीय सशर्तबाट खर्च लेखेको पालिकाबाट खर्च लेखि हिसाब मिलान गरे/नगरेको बारे यकिन गर्नुपर्ने देखिन्छ।	
५०			**अनुदान कार्यक्रम** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।	
५१			**पकेट क्षेत्र विकास कार्यक्रम** प्रधानमंत्री कृषि आधुनिकिकरण आयोजना कार्यक्रम अन्तर्गत पालिकाले निम्न समुह/समितिहरुलाई ५० प्रतिशत लागत सहभागितामा आधारित रहि अनुदान दिएको देखिन्छ। नमुना छनौटको रुपमा परीक्षण गर्दा अनुदानको वितरण पदाधिकारीको रोहबरमा भएको देखिएन। तसर्थ अनुदानको सहि सदुपयोगको सुनिश्चितताको लागि पदाधिकारीको रोहबरमा सामग्री वितरण तथा समय समयमा अनुदानको अनुगमन गरी कार्यालयले	

अनुदानको सदुपयोगको अवस्था बारे अभिलेख राख्नु पर्ने देखिन्छ। पकेट क्षेत्र विकास कार्यक्रम संचालन गर्दा देखिएका व्यहोराहरु निम्न रहेका छनः

गो.भौ.नं./मिति	कार्यक्रम	समूहको नाम	अनुदान रकम	कैभियत
१९१-०७९/३/२०	धान पकेट कार्यक्रम	हरियाली डिप ट्युबेल जल उ.स.	५८५०००	२.५% कन्टिन्जेन्सी कट्टा गरी भुक्तानी
१९५-०७९/३/२२	धान पकेट कार्यक्रम	प्रगतिशिल महिला कृषक समुह	५७५०००	२.५% कन्टिन्जेन्सी कट्टा गरी भुक्तानी

संघीय सशर्तबाट बाट धान पकेट कार्यक्रमको लागि २ वटा समुहहरुलाई रु ६००००० का दरले बजेट छुटयाएकोमा २.५ प्रतिशत कन्टिन्जेन्सी छुट्याई बाकी खर्चमा ५० प्रतिशत लागत सहभागितामा आधारित खर्च लेखेको देखिन्छ। तर यसतै, प्रकृतिको अनुदान अन्य निकायबाट समुहले नपाएकोमा आश्वस्त हुन सकिएन।

५२ **योजना कार्यक्रम छनौट र खर्च**

वडा नं	कार्यक्रम र योजना संचालन	ज्याला खर्च रकम
१	पक्की बाटो र ग्राभेल बाटोको दुई तर्फ माटो पटान आयोजना	१८८४४८७.७७/-
१	वडा भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको खेल मैदान, शौचालय तथा बगैंचा मर्मत सम्भार आयोजना	११४२४६/-
२	सि-गाउँ ७५नं देखि दक्षिण ६०नं चोक जाने बाटोमा नाली निर्माण, ए गाउँ ८०नं देखि पश्चिम हमाल चोक सम्म जाने बाटो निर्माण तथा वडा कार्यालय सरसईइऐ तथा फोहोर व्य वस्थापन	२१७४१०१.३८/-
२	वडा भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरुको खेल मैदान, शौचालय तथा बगैंचा मर्मत सम्भार आयोजना	२९८१८२.०६/-
३	बि-गाउँ १५ नं देखि पुर्व लाईनको नयाँ बस्तीबाटो मर्मत सम्भार, वडा नं ३ भित्र रहेका पार्क, सरसफाई, गोडमेल र बगैंचा व्यवस्थापन तथा मर्मत सम्भार, नयाँ निर्माणाधिन सडकहरुको दायाँबायाँ बाटोमा माटो पटान तथा मर्मत सम्भार, खजुरा बजार भित्रका मठ मन्दिर, बगैंचा व्यवस्थापन तथा मर्मत सम्भार	१२५९५६२.१५/-
३	वडा भित्रका सम्पृत्ण सामुदायिक विद्यालयहरुको खेल मैदान, शौचालय तथा बगैंचा मर्मत सम्भार आयोजना	४६६१२३.६८/-
४	खानेपालीको पाईपलाईन बिस्तार तथा सरसफाई र नयाँ ट्र्याक निर्माण	१९४७८९४.३/-
५	सडक माटो पटानः धनौली देखि रजनवा हुँदै बसन्तपुर, धोबियन टोल देखि डलैपुर, शिव मन्दिर देखि उत्तर जानेबाटो	१९१०१९३.१२/-
६	ग्रामिण खानेपानी, कुलो खोदाई गरि कुलो निर्माण	२४२९४४१.१९/-
६	सडक मर्मत सम्भार आयोजना	२४५५७१७.७७/-
६	वडा भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको खेल मैदान, बगैंचा मर्मत त सडकमा माटो पटान	९१२८२५.५४/-
७	सडक मर्मत तथा माटो पटान आयोजना	१४५३७८०.३५/-

७	वडा भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको खेल मैदान, बगैंचा मर्मत तथा सडक मर्मत सम्भार	७३१७४५.६३/-
८	बाटो मर्मत तथा माटोपटान आयोजना	१९४१६१०.७७/-
जम्मा		१९९७९९११.७१/-

५३

प्रधानमंत्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन्। साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, गोरेटो बाटो, पहुच मार्ग निर्माण कार्य लगायतका १६ वटा कार्यक्रम/योजना सञ्चालन गरी यस वर्ष ३६१ जनालाई रोजगारी उपलब्ध गराई रु १९९७९९११ खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

५४

तथ्याङ्ग अध्यावधिक

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदा नं. १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।

५५

साइकल खरिद तथा बितरण १५०,०००

साइकल बितरण र भरपाइ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्नेउल्लेख छ। पालिकाबाट प्राप्त बिबरण तथा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा यस वर्ष देहाय अनुसारका वडाका कार्यक्रम अनुसार साइकल खरिद गरि बितरण गरेकोमा साइकल प्राप्त गर्ने लाभग्राहीहरु के कसरि कुन मापदण्ड अनुसार छनौट गरृको हो सो छनौटको आधार लेखापरीक्षणमा पेश नभएकोले लाभग्राहि छनौट पहुँचको भरमा गरिएको छैन भन्न सकिने आधार भएन। बितरण भरपाइमा बुझिलिने व्यक्तिको टोल, बाबुको नाम, सम्पर्क फोन नं, साइकल बितरण मिति, साइकल बितरण गर्दा साक्षिको रुपमा रोहबर नराखेको लगायतका बिबरण नखुलाएको तथा बिद्यार्थिहरुलाइ बितरण गरेकोमा बिद्यालयको नाम उल्लेख गरेको देखिएन। वडा कार्यालयहरुले साइकल खरिद गरि बितरण गरेकोमा साइकलमा खर्च भएको रकम बराबर नै खाजा, कर्मचारि तथा पदाधिकारि यातायात तथा ढुवानि लगायतमा खर्च गरेको कारण साइकल बितरण कार्यक्रममा मितव्ययिता अपनाएको पाइएन। साइकल खरिद गरि भुक्तानि सिधैं सप्लायर्सलाइ दिनुपर्नेमा केहि वडाहरुमा साइकल खरिद कर्मचारी मार्फत गरिएकोले नियमसम्मत देखिएन। पालिकाले बजेट बिनियोजन गर्दा प्रचलित ऐन तथा नियम अनुसार पूँजिगत मा गरि दिर्घकालिन पूँजि निर्माण हुनेमा गर्नुपर्नेमा बितरणमूखि कार्यक्रममा गरिनु उचित देखिएन।

गो भौ नं र मिति	रकम	वडा नं	साइकल संख्या	ब्याग समेत सामान	सप्लायर्सको नाम र ठेगाना	साइकल बितरण भएका सामान बाहेक खाजा तथा

						अन्य खर्च
१४१।०७८।१२।७	१३१०००	१	१३	०	नेपालगंज वाइसाइकल प्रा लि	१७००
१२४।०७८।१२।७	१५००००	३	१६	०	मञ्जुर साइकल ट्रेडर्स नेपालगंज	०
१८१।०७८।९।१ चालु	१५००००	२	१४	१६ पिसको रु १२८००।००	गोर्खा साइकल सप्लायर्स नेपालगंज	१०८००
३३६।०७८।१२।१३ चालु	१०००००	५	११		नेपालगंज वाइसाइकल प्रा लि	
४६६।०७८।१२।१३ चालु	८८०००	८	११		मञ्जुर साइकल ट्रेडर्स नेपालगंज	
२७२।०७९।२।२७	५००००	८	६		मञ्जुर साइकल ट्रेडर्स नेपालगंज	२१००
१४१।०७८।८।९ चालु	१९९५००	४	२१		हिमालय साईकिल ट्रेडर्स नेपालगंज	
जम्मा	८६८५००		९२	१६		१४६००

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

(१) खरिद गरिएका साइकल दररेट फरक फरक रहेको M—सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न बजेटलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा ५ लाखरुपैंयासम्म लागत अनुमान भएको खरिद सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको खरिदको कामप्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले वडा कार्यालयहरुबाट रु ८६८५००।०० को साइकल खरिद गरि बितरण गरेकोमा खरिद गरिएका साइकलहरुको दररेट फरक फरक रहेको हुनाले प्रतिस्पर्धा गराएको अवस्थामा मितवययि हुनेतर्फ पालिकाले ध्यान दिएको पाइएन ।
(२) वडा समितिले पूँजिगत बजेटबाट चालु कार्यक्रममा रकमान्तर M—स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था गरेको छ । वडा समितिको मिति २०७८ चैत्र ६ गते मधेशी तथा मुस्लीम बालिका शिक्षा कार्यक्रम अन्तर्गत थारु, मधेशी तथा मुस्लीम समुदाय अन्तर्गत कक्षा ११ मा पढ्ने किशोरीहरुलाई साईकल वितरण तथा महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाइ साईकल बितरण गर्नको लागि वडा नं ८ को खेल मैदान मर्मतमा बिनियोजन भएको रु ५००००।०० र मधेशी तथा मुस्लिम बालिकाबाट रु १०००००।०० गरि जम्मा रु १५००००।०० रकमान्तर गर्ने निर्यणानुसार वडा कार्यालयको मिति २०७९।१।१९ मा ११ थान साईकल खरिद गर्ने काम सम्पन्न भईसकेकोले साईकल खरिद वापतको बिल मञ्जुर साइढकल ट्रेडर्सलाइ भुक्तानि दिनु भन्ने पत्राचार गरेको पाइयो । यसरी ऐनमा पूँजिगतमा मात्र रकमान्तर गर्ने अधिकार कार्यपालिकालाइ भएकोमा ऐन कानूनको बिपरित गइ वडा समितिले पूँजिगत बजेटबाट चालुमा रकमान्तर गरे अनुसार मञ्जुर साइकल ट्रेडर्स नेपालगंजबाट ११ थान साइकल खरिद गरि गाउँपालिका चालु शिर्षकको गो भौ नं ४६६।२०७९।१।२३ बाट रु ८८००० सिधैं सप्लायर्सलाइ र गाउँपालिका पूँजिगतको २७२।२०७९।२।२७ बाट रु ५००००।०० वडा सचिब मार्फत भुक्तानि भएको देखिएकोले ऐन नियम बिपरित रकमान्तर गरेको नियमसम्मत नभएको रु......................

५६

नाफामूलक संस्थामा लगानी ७३६,३२९

नाफामूलक तथा सहकारी संस्थामा लगानी – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थाको लागि लगानी गर्न तथा ति संस्थाहरु मार्फत काम गराउन एवम संस्थाहरुलाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। पालिकाबाट प्राप्त बिबरण अनुसार नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले यो वर्ष कालिका बुउद्धेश्यिय सहकारी संस्था लि वडा नं ३ खजुराको भवन निर्माण गर्न प्राबिधिक मूल्यांकन रु १४८८९५०।०० भए अनुसार सो को ५० प्रतिशत रकम गो भौ नं १२६।२०७८।१२।७ बाट रु ५३४९५७।०० र गो भौ नं २६०।२०७९।२।१७ बाट रु २०१३७२।०० गरी कुल रु ७३६३२९।०० भुक्तानि दिएकोले

			नाफामूलक संस्थाहरुको भवन निर्माण ऐनमा भएको व्यवस्था बिपरित सहकारी संस्थाहरुमा लगानी गरेको नियमसम्मत नभएको रु......	
५७			**रेडक्रस बागेश्वरी उपशाखा भवन निर्माणमा बढि भुक्तानि** **रेडक्रस बागेश्वरी उपशाखा भवन निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गेरर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । वडा नं ४ मा रहेको नेपल रेडक्रस सोसाईटी वागेश्वरी उपशाखा बाँकेको ४ कोठे भवन बनाउन जिवनाथ सापकोटा अध्यक्ष रहेको उपभोक्ता समितिसँग पहिलो पटक मिति २०७८।८।२ मा सम्झौता गरि प्राबिधिक मूल्यांकन रु १०७८३५०।०० भइ उपभोक्ताको योगदान १०.२५ प्रतिशत कट्टा गरि गो भौ नं ८५।२०७८।१०।१४ बाटर रु ९६७७७२।०० भुक्तानि भएकोमा सूचना बोर्डको रु ४५००।०० को बिजक पेश नगरेको एवम सोहि उपभोक्ता समितिबाट निर्माणधिन भवनको बाँकि काम गर्न मिति २०७८।१२।२५ मा पुन सम्झौता गरि प्राबिधिक मूल्यांकन रु ५९३००१।०० भए अनुसार जनश्रमदान ६.८९ प्रतिशत कट्टा गरि गाउँपालिका चालु शिर्षकको गो भौ नं ४९२ र ५८० मिति २०७९।३।१६ बाट रु ५५२१६४।०० गरि जम्मा रु १५१९९३६।०० भुक्तानि भएको पाइयो । सो भवन बनाउन एउटै उपभोक्ताबाट गाराउन एकै पटक सम्झौता गरि गराउनुपर्नेमा २ पटक गरेको र सूचना बोर्ड वापत रु ४५००।०० को दरले २ पटकको रु ९०००।०० भुक्तान भएकोमा गो भौ नं ८५।२०७८।१०।१४ बाटर रु ९६७७७२।०० बाट भएको भुक्तानिमा सूचना बोर्डको बिल पेश नगरेको तथा दुइ पटक सो वापत भुक्तानि दिनु उचित नभएको तथा पहिलो पटक भएको कामको भुक्तानिमा उपभोक्ताको जनश्रमदान १०.२५ प्रतिशत भएकोमा पछिल्लो कामको भुक्तानिमा जनश्रमदान ६.८९ प्रतिशत मात्र रहेकोले पछिल्लो भुक्तानिमा ३.३६ प्रतिशतले कम भएकोले प्राबिधिक मूल्यांकन रु ५९३००१।०० को रु १९९२४।०० र सूचना बोर्डको रु ४५००।०० गरि जम्मा रु २४४२४।०० असुल हुनुपर्ने रु…………………	२४,४२४
५८			**प्राबिधिक मूल्यांकन र बिल तथा निर्माण कामको गुणस्तर सम्बन्धमा** **प्राविधिक बील र कार्य सम्पन्न:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क तथा बिबरणहरु उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोलेलेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ। **निर्माण कार्यको गुणस्तर** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ को उपनियम १ को खण्ड ङअनुसार निर्माण काम गर्न सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परिक्षण गर्नुपर्ने व्यवस्था छ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनुपर्ने तथा उपभोक्ता समितिबाट गराइने निर्माण कामको गुणस्तर परिक्षण गर्ने व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने र स्वीकृत योजना अनुसार परीक्षण गरी निर्णमा कामको गुणस्तरिय काम गराउनुपर्नेमा यो वर्ष गाउँपालिकाबाट पूँजीगतवाट रु. २१ करोड ८९ लाख पुँजीगत खर्च गरेकोमा निर्माण व्यवसायीहरुबाट गराइएको निर्माण कामको केहि योजनाहरुको गुणस्तर परिक्षण गराएको भएतापनि अधिकांश निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुबाट भएको निर्माण कामको गुणस्तर परीक्षण गरेको पाईएन। निर्माण कार्यको गुणस्तर आश्वस्तता हुन प्रयोगशालाबाट गुणस्तर परीक्षण गराउनु पर्दछ।	
५९			**उपभोक्ता समितिबाट भएको निर्माण काम सम्बन्धमा** **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा	१२,०००

कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । पालिकाबाट पेश भएको बिबरण अनुसार नमूना छनौटको आधारमा परिक्षण गर्दा उपभोक्ता समिति मार्फत भएको कामको सम्बन्धमा देहाय अनुसार देखिएको छ ।

(१) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट काम गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायहरु उपस्थित भई आम भेला गराई सो भेलाबाट उपभोक्तता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा अधिकांश उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा उपस्थित लाभग्रहिहरुको वडा नं तथा टोल र सम्पर्क फोन नंम्बर एवम केहि योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति नभएको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको देखिएन । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेको काम कारबाहिको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा नियममा भएको व्यवस्था बमोजिम गरेको पाइएन ।

(२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए मश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सञ्चालित योजनाहरुको नियममा व्यवस्था भए बमोजिम निर्माण काम सम्पन्न भए पश्चात ति योजनाहरु उपभोक्ताहरुलाइ हस्तान्त्रण नभएको र सम्पन्न योजनाहरुको अभिलेख नराखेको तथा कतिपय योजनाहरुको अनुगमन नभएको अनुगमन भएका योजनाहरुको अनुगमन प्रतिबेदनमा अनुगमन मिति नखुलाएको अनुगमनको क्रममा देखिएका व्यहोराहरु उल्लेख नगरिएको तथा केहि योजनाहरुमा संयोजकको अनुपस्थितिमा अनुगमन गरेको पाइएकोले सञ्चालित योजनाहरु लागत अनुमान अनुसार गुणस्तरिय रुपमा र तोकिएको समयमा निर्माण काम भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन ।

(३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन बिल भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालन भएका योजनाहरु सम्पन्न भए पश्चात सो कामको लागि पेश भएका बिल भरपाइहरुमध्ये रितपूर्वकको बिजक पेश नगरि सामान्य भरपाइ पेश गरेको र ति भरपाइमा परिमाण,दररेट नखुलाइएको तथा ढुवानिको हकमा कहाँ देखि कहाँसम्म कति परिमाण र दररेटमा ढुवानि गरेको हो भरपाइमा नखुलाएको साथै उपभोक्ताले पेश गरेको डोर हाजिरमा खुलाउनुपर्ने सम्पूर्ण व्यहोरा नखुलाएको केहि डोर हाजिरमा रकम बितरण गर्नेको दस्तखत नभएको,कामदारको बाबुको नाम तथा ठेगाना नखुलाइएको, डोर हाजिर सिफारिस गर्नेको दस्तखत नभएको,प्रमाणित गर्नेको दस्तखत नभएको आदि कारण उपभोक्ता समितिबाट पेश भएका भरपाइ एवम डोर हाजिरमा उल्लेखित परिमाणको निर्माण सामाग्रि तथा कामदारहरु तत् योजनाहरु निर्माणको काममा वास्तबिक रुपमा खर्च भइ भुक्तानि भएको हो वा होइन यकिन हुन सकिएन । साथै उपभोक्ता समितिहरुले नियममा व्यवस्था भए अनुसार खर्च भएको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु उपभोक्ता समितिको बैठकबाट अनुमोदन गरि पेश गर्नुपर्ने सो समेत गरेको नदेखिएकोले नियममा भएको व्यवस्थाको परिपालना गरेको देखिएन ।

(४) बिभिन्न योजनाहरुको निर्माण काम गर्नको लागि गाउँपालिका र उपभोक्ता समितिबिच भएको सम्झौतामा उपभोक्ताहरुलाई पेश्कि दिने प्रावधान नभएको अवस्थामा समेत उपभोक्ताहरुलाइ पेश्कि उपलब्ध गराएको पाइयो । पालिकाले यस वर्ष टुक्रे साना योजनाहरु छनौट गरि उपभोक्ताबाट कार्यान्वयन गराएको पाइयो । उपभोक्ता समितिहरुबाट योजना कार्यान्वयन गराउँदा सम्झौता बिपरित उपभोक्ता समितिलाई पेश्कि दिएको नियमसम्मत नभएकोले पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ ।

(५) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन,औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रम र सिप अनुसार गर्नुपर्ने निर्माण काम मात्र उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले उपभोक्ता समितिबाट जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

(६) खर्चको बिल भरपाइ पेश नभएकोM—आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानि दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । वडा नं २ को गौरीनगर चौधरी चोकदेखि दक्षिण जाने सडक स्तरोन्नति गर्न उपभोक्ताको योगदान समेत रु ४५७२३०।०० को लागत अनुमान तयार गरि निर्माण कामको रु ४५४०५१।०० को प्राबिधिक मूल्यांकन भइ गो भौ नं २११।२०७९।१।१४ बाट रु ३८५३१०।०० उपभोक्ता समितिलाइ भुक्तानि दिएकोमा उपभोक्ता समितिले पेश गरेको बिल भरपाइ मध्ये रोलर र ग्रेडर भाडा वापत सडक डिभिजन कार्यालयको रु ४०००।०० को दरले ३ वटा भरपाइको जम्मा रु १२०००।०० समेत पेश गरेकोमा सडक डिभिजन कार्यालयको नगदि रसिद पेश नगरि सामान्य भरपाइ पेश भएकोले नगदि रसिद पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु**..............................**

६० | | | **मू अ कर समायोजन प्रमाण बिना धरौटि फिर्ता** | १०३,८१२

धरौटी फिर्ता : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ अनुसार निर्माण कामको हकमा त्रुटि सच्याउने अवधि समाप्त भए पश्चात निर्माण व्यवसायीहरुबाट कट्टा भएको रिटेन्शन मनि आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता दिनुपर्ने व्यवस्था रहेको छ। तर पालिकाले मू अ कर समायोजन प्रमाण पेश नभएको अवस्थामा समेत महाभारत निर्माण सेवालाइ गो भौ नं २५।२०७८।९।२७ बाट रु १०३८१२।०० मूल्य अभिबृद्धि कर समायोजन बिना धरौटि फिर्ता दिएकोले प्रमाण पेश हुनुपर्ने रु

६१ | | | **धरौटी मौज्दात कम जिम्मेवारी सारेको** | ३२६,५७९

धरौटीतर्फ : पालिकाको धरौटी गत वर्षको बाँकि लेखापरीक्षण प्रतिबेदन अनुसार रु १९१२०६७४।०० रहेकोमा पालिकाले यस वर्ष अ ल्या रु १८७९४०९५।०० गरेकोले रु ३२६५७९।०० कम जिम्मेवारी सारेकोले यस सम्बन्धमा यकिन गरि हिसाब मिलान गर्नुपर्ने रु....

६२ | | | **सम्झौता अनुसार काम नभएको तथा प्राविधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता सम्बन्धमा** |

प्राबिधिक मूल्यांकन र बिल बिजक बिच सामान्जस्यता M— सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानि गर्दा प्राबिधिक नाँपचाज गरि प्राबिधिक मूल्यांकन र नापी किताबमा उल्लेख भएको बास्तबिक कार्यसम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने र नियम ९७.६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवम योजनाहरुको कार्यान्वयन गर्दा दर बिश्लेषण अनुसार लागत अनुमान तयार गरि सोहि दरबिश्लेषण अनुसार निर्माण काम गरि उपभोक्ताले दक्ष तथा अदक्ष ज्यामि ज्याला र निर्माण सामाग्रिहरुको बिल बिजक उपभोक्ता समितिबाट पेश हुनुपर्ने व्यवस्था रहेको छ। यस बर्ष उपभोक्ता समितिहरुबाट निर्माण भएका योजनाहरु नमूना छनौटको आधारमा परीक्षण गर्दा केहि योजनाहरुको डण्डि, सिमेन्ट तथा इट्टा लगायत निर्माण काममा प्रयोग हुने मुख्य मुख्य आइटममा प्राबिधिक मूल्यांकनको परिमाण अनुसार आवश्यक पर्ने निर्माण सामाग्रि खरिद नगरि कम परिमाणमा निर्माण सामाग्रि खरिद गरि प्राबिधिक मूल्यांकनको परिमाणको नर्मस भन्दा बढिको अर्थात नर्मस अनुसार लाग्ने ज्यामि भन्दा बढि ज्यामी लागेको डोर हाजिर तथा रितपूर्बको ढुवानिको बिल बिजक पेश नगरि सामान्य भरपाई पेश गरेको पाइयो। यसरि उपभोक्ता समितिबाट निर्माण काम गराउदाँ प्राबिधिक मूल्यांकन अनुसार आवश्यक पर्ने निर्माण सामाग्रि भन्दा कम परिमाण खरिद गरि काम गरेकोले उपभोक्ता समितिहरुबाट भएको कामको गुणस्तर तोकिएको मापदण्ड तथा नर्म्स अनुसार भएको छ भन्न सकिने आधार नदेखिएकोले यसम पालिकाले सुधार गर्नुपर्ने देखिन्छ।

६३ | | | **उपभोक्ता समितिहरुले सम्झौता अनुसार काम नगरेको** |

सम्झौता अनुसार कार्य नभएको - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यावसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन। कुनै कारणवश सो समितिले आफैंले सम्झौतामा तोकिएको समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाइ दिनुपर्ने तथा सार्वजनिक निकायले सो सम्बन्धमा जाँचबुझ गरि उपभोक्ता समितिसँग भएको सम्झौता तोडि बाँकि काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्ने व्यवस्था रहेको छ। यसरि उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र समपन्न हुने गरी गर्नुपर्दछ। तर पालिका र उपभोक्ता समिति बीच देहाय अनुसारको कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष लागत अनुमान अनुसार सम्पूर्ण निर्माण काम नगरि काम आशिंक मात्र गरेको आधारमा पालिकाले कार्यसम्पन्न समेत तयार गरि उपभोक्ताहरुलाइ भुक्तानि दिएको पाइयो। सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरूको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै २०७८।७९ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाइएन। तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ।

शिर्षकको नाम	गो भौ नं र मिति	भुक्तानि रकम	लागत अनुमान	प्राबिधिक मूल्यांकन	उ स को नाम र काम
प्रदेश पूँजिगत	१९ र २२।०७९।३।२५	४७४६१४३	७२५४४२६	५०७०७७२	वडा नं ४ मा खेलकुद मैदान प्याराफिट नि उ स
गा पा पूँजिगत	४०५।०७९।३।२५	९९३९८९	१६०४२८७	१०९५९७५	वडा नं ३ ज्ञानोदय स्कुल पच्छिम अञ्जुली एमको सडकमा नाला तथा सडक नि उ स
गा पा पूँजिगत	२३९ र	८७०७६१	२२९२९१६	१४०८५२४	वडा नं ३ को कालिका टोल उ स ले बेल

	४००।०७९।३।२५				बहादुर खत्रिको घरदेखि देव बहादुर कार्किको घरसम्म पक्कि नालि र सडक निर्माण
गा पा पूँजिगत	२८९।०७९।३।११	१०४२५९८	२०२१८२६	१११८८१८	वडा नं ७ मा बठवा मनसरिफ दर्जिको घर नजिक गढन घैचा नालामा पक्कि पुल नि उ स

६४ **एउटै प्याकेज नबनाइ सिधैं निर्माण काम गराएको** ७,३४५,५४०

सिधै निर्माण कार्य गराएको:-सार्वजनिक खरिद ऐन २०६३को दफा ८(२) मा सार्वजनिक निकायले निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी निर्माण काम गर्न नहुने उल्लेख छ । यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा ५ लाख तथा नियमावलीको एघारौं संशोधन मिति २०७८।१२।३ देखि १० लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको निर्माण कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले बिभिन्न निर्माण काम ४८ पटक बिभिन्न निर्माण व्यवसायीबाट गराई रु २१२९५३५९।००भुक्तानी दिएको छापालिकाले योजनाहरु कार्यान्वयन गराउँदा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार वार्षिक खरिद योजना तयार गरी निर्माण कामलाइ प्याकेज बनाइ लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा गराएको अवस्थामा निर्माण काम गुणस्तरिय तथा मितव्ययि रुपमा हुनेमा पालिकाको ध्यान गएको देखिएन । पालिकाले नियममा व्यवस्था भएको प्राबधान विपरित देहाय बमोजिम एउटै प्याकेज बनाइ निर्माण काम प्रतिस्पर्धात्मक रुपमा मितव्ययि किसिमले गराउन सकिनेमा सो अनुसार नगरि नियम बिपरित एउटा निर्माण व्यवसायि वा सप्लायर्सबाट एक पटक भन्दा बढि पटक देहाय अनुसार गराएको साथै बिभिन्न सप्पालयर्सहरुबाट निर्माण सामाग्रि खरिद गरेकोमा केहि सामाग्रिहरु बितरण गरेको भरपाइ पेश नभएको एवम ति सामाग्रिहरु जडान भएको प्राबिधिक मूल्यांकन बिना खर्च लेखांकन गरेको कारण प्राबिधिक मूल्यांकन समेत पेश गरि नियमित गर्नुपर्ने रु..................

गो भौ नं र मिति	खर्च रकम	कामको बिबरण र वडा नं	निर्माण व्यवसायीको नाम
१०।०७८।७।९	४७९२१०	वडा नं ३ को बि गाउँ ३० नं देखि पूर्व पेडारि नालासम्म माटो पटान र ग्राभेल	स्ट्रेटलाइन कन्स्ट्रक्सन खजुरा
३०८।०७९।३।१४	४६६१२९	वडा नं ४ भण्डारिया गाउँदेखि उत्तर माटो पटान र ग्राभेल	सिता कर्ण निर्माण सेवा खजुरा
३१४।०७९।३७	१७५२४५	डि गाउँ नवदुर्गा देखि कर्ण खत्रिको घरसम्म माटो पटान र ग्राभेल	डाइनामिक कन्स्ट्रक्सन जानकी
१७७।०७९।१।६	४७६८१५	वडा नं पुरैना ऐलानि देखि जनसेवा सडक माटो पटान तथा ग्राभेल	सबिना कन्स्ट्रक्सन खजुरा
१७९।०७९।१।६	४७७३१५	वडा नं ६ राजाराम देखि सामुदायिक वन सडक माटो पटान तथा ग्राभेल	माइला एण्ड साइला कन्स्ट्रक्सन जाजरकोट
१०८।०७८।११।१७	४७९९९०	जेष्ट नागरिक पार्कदेखि चन्द्र हमालको घरसम्म माटो पटान तथा ग्राभेल	इन्भेन्टिभ कन्स्ट्रक्सन खजुरा
१५३।०७८।१२।२०	४८०२३२	वडा नं ३ बिमलाको घरदेखि चन्द्र हमालको घरसम्म माटो पटान तथा ग्राभेल	प्रभु डेभलपमेन्ट बिल्डर्स खजुरा
२६७।०७९।२।२३	४७३७९७	वडा नं ८ को बिभिन्न स्थानमा	एल बि कन्स्ट्रक्सन कोहलपुर

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३६९।०७९।३।२५</td><td>२४३८३०</td><td>वडा नं साबिक राधापुरमा</td><td>हार्दिक कन्स्ट्रक्सन जानकी</td></tr>
<tr><td>२५६।०७९।२।१३</td><td>७८७३८४</td><td>सम्पूर्ण वडाको लागि खरिद</td><td>बालाजि हयूम पाइप तथा बिद्युत तार पोल उद्योग प्रा लि नेपालगंज</td></tr>
<tr><td>३५५।०७९३।२४</td><td>४९८३३०</td><td>वडा नं ७ को खरिद</td><td>बागेश्वरी हयूम पाइप तथा बिद्युत तार पोल उद्योग प्रा लि कोहलपुर</td></tr>
<tr><td>३५४।०७९।३।२४</td><td>४३६८४१</td><td>वडा नं ८ को लागि खरिद</td><td>अर्बिन ट्रेडर्स खजुरा</td></tr>
<tr><td>२४७।०७९।२।११</td><td>१६४५००</td><td>वडा नं ५ को खरिद</td><td>बालाजि हयूम पाइप तथा बिद्युत तार पोल उद्योग प्रा लि नेपालगंज</td></tr>
<tr><td>१७५।०७९।१।६</td><td>४५६७९८</td><td>नखुल्ने</td><td>बागेश्वरी हयूम पाइप तथा बिद्युत तार पोल उद्योग प्रा लि कोहलपुर</td></tr>
<tr><td>२५१।०७९।२।१२</td><td>४९६०१३</td><td>नखुल्ने</td><td>ओम शान्ति ट्रेड एण्ड सप्लायर्स नेपालगंज</td></tr>
<tr><td>३१०।०७९।३।१५</td><td>७५३१११</td><td>नखुल्ने</td><td>बालाजि हयूम पाइप तथा बिद्युत तार पोल उद्योग प्रा लि नेपालगंज</td></tr>
<tr><td>जम्मा</td><td>७३४५५४०</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सिधैं निर्माण काम गराएकोमा असम्बन्धित योजनाको बजेटबाट भुक्तानि

असम्बन्धित योजनाको बजेटबाट भुक्तानि M— स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले गाउँसभाबाट पारित भएको योजनाहरु र ति योजनाहरुमा बिनियोजन भएको बजेट तत् योजनाहरु कार्यान्वयन गरि खर्च गर्नु पर्दछ। पालिकाको वडा नं ८ को छोगडीपुर अमर के सि को घरदेखि खले खड्काको घरसम्म सडक कालोपत्रे गर्न बजेट रु २७६२२२।०० बिनियोजन भएको अवस्थामा सो स्थानमा कोटेशनको माध्यमबाट रावल निर्माण सेवा बढैयाताल बर्दियाबाट गराइ गो भौ नं ३०६।२०७९।३।१४ बाट रु ४७६२२२।०० भुक्तानि दिएको पाइयो। यसरी उक्त निर्माण कामको बजेट भन्दा बढि रु २०००००।०० छगौडेपुरमा माटो पटान तथा ग्राभेलको लागि बिनियोजित बजेटबाट भुक्तानि दिएकोले नियमसम्मत नभएको रु...................</td><td>२००,०००</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>राजश्व दाखिला

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को नियम २७ (१) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ। कार्यालय अन्तर्गतका राजस्व असुली तथा दाखिलाको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा वडा कार्यालयहरुले प्राप्त गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन। वडा कार्यालयबाट भएको आम्दानी रकम सवैजसो वडा कार्यालयका जिम्मेवार कर्मचारीहरुले महिनामा एक पटक सम्बन्धित खातामा बैक जम्मा गर्ने गरेको देखियो। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजस्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ। यसका केही उदाहरण देहाय अनुसार रहेका छन्। साथै लेखापरीक्षणमा कार्यालयले उपलब्ध गराएको वडा कार्यालयहरुले राजस्व आम्दानी तथा दाखिला गरेको विवरण अनुसार जुन महिनामा आम्दनी गरेको छ त्यहि महिनामा दाखिला गरेको जनाएकोमा कार्यालयले दाखिला बिवरण यकिन गरी जुन महिनाको आम्दनी गरेको त्यहि महिनामा त्यति रकम नै दाखिला भए नभएको बारे यकिन गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>राजश्वको अभिलेख</td><td></td></tr>
</table>

			कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो को पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।	
६८			**अनुगमन खर्च** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले व्यक्तिगत घटना दर्ताका लागि पालिकाको वडा नं. १ देखि ८ सम्मको घटना दर्ता गर्न ५ दिने शिविर संचालनमा रु १२,२८,९०० खर्च लेखेको देखिन्छ । जसमा पालिकाका प्रतिनिधि र कर्मचारीहरुको अनुगमनमा मात्र रु ८५००० खर्च लेखेको देखिन्छ । यसरी पालिकाको आफ्नै कार्यक्षेत्रमा भएको कार्यक्रमको अनुगमन खर्च गरेको मितव्ययी देखिएन ।	
६९			**आलेप बेरुजु**	
६९.१			करको रकम लेवीमा दाखीला भएको पदाधिकारीको सुविधाबाट ५ प्रतिशत लेवि हुन आउने रकम २५९५०।– कृषि विकास बैकमा दाखिला गर्नु पर्नेमा पारीश्रमिक करको रकम रु ३३०७५।- कृषि विकास बैकमा लेवि वापत दाखिला भएकोले उक्त बाकी रकम रु ७१२५।- असुल उपरगरी पारीश्रमिक करमा दाखिला गरी नियमित गर्नु पर्ने रु	७,१२५
६९.२			बिल भन्दा बढी भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ बमोजिम रित पुगेनपुगेको चेक जाँच गरी दिनु पर्ने व्यवस्था छ । कार्यालयले पशु शाखा लाइ गाउँपालिका स्तरीय पशु तथ्याङ्क अध्यावधिक कार्यक्रम बापत रु ३९९५०।– भुक्तानी गरेकोमा रु ७९५०।– बराबरको मात्रै बिल भर्पाइ पेश भएकोले बाँकी रु ३२०००।– को बिल भर्पाइ पेश गरी नियमित गर्नु पर्ने रु	३२,०००
६९.३			बिल भर्पाइ बेगर भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९,५६,र ५७ बिल भर्पाइको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । गो भौ न १०७-२०७९/७/१४ गते कार्यालयले वडा न ७ को सञ्चार महसुल वापत भुक्तानी गरेको रु ६८००।– को बिल भर्पाइ नभएकोले सोको प्रमाण पेश गर्नु पर्ने रु	६,८००
६९.४	४५	२०७९-९-४	दाखिला प्रतिवेदन पेश नभएको खजुरा गाउपालिका विजुलि बत्ती सुधार समिती खजुरा ४ ले विधुतिय सामाग्री रु ५०००० खरीदगरी भुक्तानी गरेको देखिन्छ उक्त सामाग्रीको दाखिला प्रतिवेदन पेशगरी नियमित गर्नुपर्ने ।	५०,०००
६९.५	८३		नन् फाइलः- मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृंद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर बाटो निर्माण उपभोक्ता समिति खजुरा ८ बाँके ले शेख टेडर्स बाट गिट्टी बालुवा रु ३१५०००।- बराबरको खरीद गरी भुक्तानी भएकोमा कर रकम रु ४७२५०।- आन्तरीक लेखा परिक्षण अवधिसम्म पनी उक्त फर्मले कर विवरण नबुझाइ नन्फइलर रहेको पाइयो । त्यसकारण शेख टेडर्सको कर समायोजन प्रमाण पेश गरी नियमित गर्नुपर्ने ।	४७,२५०
६९.६	३०२		बिल भन्दा बढी भुक्तानीः	४१,९०३

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ बमोजिम रित पुगेनपुगेको चेक जाँच गरी दिनु पर्ने व्यवस्था छ । कार्यालयले बाटो ग्राभेल उपभोक्ता समिती खजुरा बाँकेको Community Contribution सहित रु १४२१४७।– बराबरको बिल भर्पाइ हुनु पर्नेमा रु ११५६३०।– बराबरको मात्र बिल भर्पाइ पेश भएकोले रु २६५१७ को प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु

त्यसतै,

<table><tr><td>ब्यहोरा</td><td>दाखिला हुनु पर्ने कर</td><td>दाखिलाभएको रकम</td><td>दाखिला गर्नु पर्ने</td><td>भुक्तानी लिने</td></tr><tr><td>ग्राभेल खरीद</td><td>१६६५०</td><td>१२६४</td><td>१५३८६</td><td>बाटो ग्राभेल उ स खजुरा</td></tr></table></td><td></td></tr>
<tr><td>६९.७</td><td></td><td></td><td>कम बिल भर्पाइ पेश गरी पेश्की फछ्यौट गरेको

प्रशासन अधिकृत श्री केशव बुढाले मसलन्द तथा कार्यालय सामाग्रीमा रु १००००।– र सञ्चार महसुलमा रु ५०००।– पेश्की लिएको देखिन्छ उक्त पेश्की फछ्यौट गर्दा ५००० का सञ्चर महसुलको बिल पेश नगरी पेश्की फछ्यौट गरेकोले सोको प्रमाण पेशगरी नियमित गर्नु पर्ने रु</td><td>५,०००</td></tr>
<tr><td>६९.८</td><td>११३</td><td></td><td>पोसाक वितरणको भर्पाइपेश नभएको

सार्वजनिक खरिद नियामवली २०६४ को नियम १९ को उपनियम १ बमोजिम सार्बजिनक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट रु २०००० भन्दा कमको स्थायी लेखा नम्बर र रु २० हजारभन्दा माथीको मालसमान खरिद गर्दा भ्याट दर्ता प्रमाण पत्र प्राप्त व्यक्ती संस्था फर्म वा कम्पनी बाट मात्र खरिद गर्न सकिने व्यवस्था छ। तर कार्यालयले गुरुकृपा कपडा पसलबाट रु ८९५५६।– बराबरको सामाग्री खरीद महिला तथा बालबालीका सँरक्षण केन्द्रको नाममा भुक्तानी गरेको देखिन्छ साथै उक्त खरीद सामाग्री नेपाल राष्टिय आधारभुत विद्यालयका अनाथ विप्न्न बालबालीकालाइ पोसक वितरण गरेको देखिन्छ लक्षित वर्गले उक्त सामान प्राप्त गरेनगरेको एकीन हुन नसकेकोले वितरणको भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने ।</td><td>८९,५५६</td></tr>
<tr><td>६९.९</td><td>३८</td><td></td><td>पेश्की फछ्यौटमा कर दाखिला नभएको

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० मा कार्यालयले मालसामान खरीद गर्न सेवा उपलब्धगराउन वा निर्माण सम्बन्धीकामका लागि कुनै व्याक्ती फर्म संस्था वा कम्पनीलाइ पेश्की रकम उपलब्ध गराउन सकनेछ सोही अनुरुप शुक्र माद्यामिक के गाउँले आ व २०७८/७९ को ४ काठे भवन निर्माणका लागि रु ३६०००००।– पेश्की उपलब्धगराइ पेश्की पे फ गरेको देखिन्छ । शुक्र माद्यामिक के गाउँले दाखिला गर्नुपर्ने अग्रीम आय कर र सामाजिक सुरक्षा कर दाखिला नगरेकोले उक्त कर दाखिलाको प्रमाण पेश गरी नियमित गर्नुपर्ने देखिन्छ ।

<table><tr><td>ब्यहोरा</td><td>भुक्तानी भएको रकम</td><td>दाखिला गर्नु पर्ने रकम</td></tr><tr><td>अग्रीमआय कर</td><td>२८६११४८</td><td>४२९१८</td></tr><tr><td>सामाजिक सुरक्षा कर</td><td>३११३२४</td><td>३४४१</td></tr><tr><td>जम्मा</td><td>३१७२४७२</td><td>४६३५९</td></tr></table></td><td>४६,३५९</td></tr>
<tr><td>६९.१०</td><td>२</td><td></td><td>नन् फाइलः-</td><td>७,७७६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृंद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर खजुरा गा पा ७ले झोलुङ्गे पुल निर्माण उ स ७ ले पेश गरेको हयात निर्माण सेवाको बिल रकम रु६७५८८.१२ भुक्तानी भएकोमा कर रकम रु ७७७६ आन्तरीक लेखा परिक्षण अवधिसम्म पनी उक्त फर्मले कर विवरण नबुझाइ नन्फइलर रहेको पाइयो । त्यसकारण हयात निर्माण सेवाको कर समायोजन प्रमाण पेश गरी नियमित गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६९.११</td><td></td><td></td><td>टुक्रापारी खरीद

सार्वजनीक खरीद ऐन २०६३ को दफा ८ बामोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनीक खरीद नियमावलीमा रु ५ लाखसम्मको खरीद कार्य सोझै गर्न सकिने रु ५ लाखभन्दा माथि २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरीदगर्ने व्यवस्था छ । त्यस्तै सोझैखरीद कार्य गर्दा एक आर्थिक बर्षमा सिमाभन्दा बढीको खरीद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकमा बढी सोझै खरीद गर्न नहुने उल्लेख छ । शिक्षा शाखाले सामाग्री खरीदमा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझैखरीद गरेको देखिन्छ । यसरी सोझै खरिद गरेको नियमित गर्नुपर्ने ।

<table>
<tr><th>भौ.नं.</th><th>व्यहोरा</th><th>खरीद भएको निकाय</th><th>खरीद भएको रकम</th></tr>
<tr><td>२१३</td><td>उत्तर पुस्तीका छपाइ कार्य</td><td>Nirman Printing & Packaginh Nepalgunj</td><td>२६८९९२</td></tr>
<tr><td></td><td>ECD Book Print</td><td>Nirman Printing & Packaginh Nepalgunj</td><td>२००८८६</td></tr>
<tr><td>२१४</td><td>मुल्याङ्कन पुस्तीका छपाइ कक्षा १, २ , ३</td><td>Nirman Printing & Packaginh Nepalgunj</td><td>८७४१७</td></tr>
<tr><td></td><td>मुल्याङ्क मुल्याङ्कन पुस्तीका छपाइ कक्षा १, २ , ३</td><td>Maxwell Print Pvt. Ltd Nepalgunj</td><td>४२३१६२</td></tr>
<tr><td>२२०</td><td>ECD Book Print</td><td>Maxwell Print Pvt. Ltd Nepalgunj</td><td>३०९०५५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१२८९५१२</td></tr>
</table></td><td>१,२८९,५१२</td></tr>
<tr><td>६९.१२</td><td>८२</td><td></td><td>नन् फाइलः-

मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृंद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।ज्ञानोदय माद्यामिक विद्यालयले गत आबको पेश्की फछ्यौट गर्दा पेशगरेको खम्ड कन्स्ट्रक्शनको रु २५७८९४.२५ र वर्मा फर्निचरको रु १०२६८० आन्तरीक लेखा परिक्षण अवधिसम्म पनी उक्त फर्मले कर विवरण नबुझाइ नन्फइलर रहेको पाइयो । त्यसकारण खम्ड कन्स्ट्रक्शन र वर्मा फर्निचरको करसमायोजन रु ५४०८७ को प्रमाण पेश गरी नियमित गर्नुपर्ने देखिन्छ ।</td><td>५४,०८७</td></tr>
<tr><td>६९.१३</td><td></td><td></td><td>पेश्की बाँकी -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७(१) अनुसार पेश्की पछ्यौट हुनु पर्दछ। कार्यालयबाट देहाय अनुसार संस्था निर्माण व्यवसायी कर्मचारी तथा उपभोक्ता समितिलाई भुक्तानी भएको पेश्की रु. १९८९७२६७।- पेश्की नियमानुसार पेश्की फछ्यौट गर्नु पर्दछ ।

<table>
<tr><td>मोबिलाइजेसन पेश्की</td></tr>
</table></td><td></td></tr>
</table>

क्र स	ठेक्का न	पेश्की लिनेको नाम	रकम
१	39-077/78	रविना अभियान जुगल जे.भि	२५०००००
२	25-27-28/077/078	अमन कन्सट्रकसन कम्पनी	१८३७०७
३	20-077/078	अमन कन्सट्रकसन कम्पनी	४९००००
४	15-075/076	अमर कन्सट्रकसन प्रा.ली	३१७५०००
५	37-077/78	एम के जुगल जे .भि	५०७११२७
६	10-077/78	यू एस विल्डर्स	१४३८०००
७	6-077/078	प्रेम निर्माण सेवा प्रा.ली	३२५०००
८	22-077/78	शुभ शान्ती निर्माण सेवा	५०००००
९	22-077/078	शुभ शान्ती निर्माण सेवा	५०००००
संस्थागत पेश्की			
क्र स	कार्यक्रमको नाम	पेश्की लिनेको नाम	रकम
१	विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदना	ज्ञानोदय माध्यामिक विद्यालय	५०४६३३
२	विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदना	श्री कालिका प्राथमिक विद्यलय सोनबर्षा ७ बाँके	१९४०००
३	मर्मत सम्भार विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदना	श्री कालिका प्राथमिक विद्यालय सो‍ेनबर्षा खजुरा ७	५८२०००
४	विविध खर्च विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदना	श्री कालिका प्राथमिक विद्यालय सो‍ेनबर्षा खजुरा ७	५८२०००
५	विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदना	जनकल्याण आधारभुत विद्यालय खजुरा ६ बाँके	१४०००००
६	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	जनकल्याण आधारभुत विद्यालय खजुरा ६ बाँके	५६००००
७	मर्मत सम्भार	नेपाल विधुत प्राधिकरण नेपालगंज वितरण केन्द्र	१११६४५
८	विविध खर्च	नेपाल विधुत प्राधिकरण नेपालगंज वितरण केन्द्र	३०१३५५
९	स्वास्थ्य संस्थामा सार्वजनिक सुनुवाइ	बागेश्वरी असल शासन क्लब बास	१९८८००
१०	सुशासन अभिमुखिकरण/सामाजिक परिक्षण	बागेश्वरी असल शासन क्लब बास	१५००००

उपभोक्तालाई पेश्की			
क्र स	कार्यक्रमको नाम	पेश्की लिनेको नाम	रकम
१	पूर्वाधारहरुको मर्मत संभार खर्च	पक्की नाली निर्माण उ.स. खजुरा ७ बाँके	२४००००
२	भैपरी आउने विविध कार्यक्रम खर्च	वाल वाउण्ड्री निर्माण उ.स खजुरा ७ कलहंस गाउँ बाँके	२४००००
व्यक्तिगत पेश्की			
क्र स	कार्यक्रमको नाम	पेश्की लिनेको नाम	रकम
१	बिमा तथा नविकरण खर्च	प्रकाश क्षेत्री	१५००००
२	स्थानीय तहबाट प्राथमिक सुचना संकलन	सुरेश शाहु	५०००००
कुल जम्मा			१९८९७२६७

७० **बैठक तथा अनुगमन भत्ता** १९६,९५०

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यव्था रहेको छ।त्यस्तै लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७६ दफा १४ (२) अनुसार स्थानीय तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ। निजामती सेवाका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० को परिच्छेद ११ र १२ मा उल्लेख भएका सेवा सुविधामात्र लिन पाउने व्यवस्था गरेको छ। उल्लेखित व्यवस्था बेगर कार्यालयले देहायका पदाधिकारी/कर्मचारीलाई देहायका कार्यक्रममा बैठक भत्ता एवम् अनुगमन भत्ता वापत गरिएका भुक्तानीहरु नियमसंगत देखिएन।

गो भौ नं/मिति	व्यहोरा	वापत	पदाधिकारी	रकम
१८२/२०७८/०९/०१	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली व्यवस्थापन	पुनर्ताजगी तालिम	जनप्रतिनिधि कर्मचारी	१२०००
६८१/२०७९/०३/३१	स्वास्थ्यकर्मीहरुलाई गुणस्तरीय उपचार पद्धती सम्बन्धी तालिम	तालिम भत्ता	कर्मचारीहरु	१६८५०
६३७/२०७९/०३/२४	स्वस्थ शिक्षु उज्जल भविष्य कार्यक्रम	बैठक भत्ता	जनप्रतिनिधि कर्मचारी	१३८६००
२३७/२०७८/०९/२८	मेलमिलापकर्ताको पुनर्ताजगी कार्यक्रम	अनुगमन भत्ता	जनप्रतिनिधि कर्मचारी	२५५००
२५१/२०७८/१०/१४	सहकारी संस्थाबीच अन्तरक्रिया कार्यक्रम	अनुगमन भत्ता	जनप्रतिनिधि कर्मचारी	४०००
	जम्मा			१९६९५०

<table>
<tr>
<td>७१</td>
<td></td>
<td></td>
<td>
आर्थिक सहायता

आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। लेखापरीक्षणको नमुना छनौटका क्रममा पालिकाले देहायबमोजिम आर्थिक सहायता भुक्तानी गरेको पाइयो । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

<table>
<tr><td>गो भौ नं मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>७/२०७८/०५/२३</td><td>नेत्र बहादुर गुरुङ</td><td>४३६८८१</td></tr>
<tr><td>३५१/२०७८/१२/१५</td><td>राष्ट्रिय जनमोर्चा पार्टी</td><td>१००००</td></tr>
<tr><td>३५२/२०७८/१२/१६</td><td>जिल्ला सहकारी संध लि</td><td>१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५६८८१</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>७२</td>
<td>१३</td>
<td>२०७८-५-२७</td>
<td>
फजुल खर्च

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले उपाध्यक्षको सहभागितामा कार्यपालिका सदस्यहरु सहितको बैठक वसी तिज कार्यक्रम गर्ने निर्णय गरी रु ९५१९९।३८ भुक्तानी गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>७३</td>
<td></td>
<td></td>
<td>
सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु ३२०९९४१ को सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा नगराई खरिद गरेको नियम संगत नदेखिएको रु

<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>कारोबारको व्यहोरा</td><td>सप्लायर्सको नाम</td><td>खरिद मुल्य</td></tr>
<tr><td>२१-०७८/७/९</td><td>न्यानो झोला खरिद</td><td>सिरिज नेटवर्क प्रा.लि.</td><td>३५९५६६</td></tr>
<tr><td>४२-०७८/९/५</td><td>न्यानो झोला खरिद</td><td>हनुमान गर्मेन्ट उधोग</td><td>३५७०८०</td></tr>
<tr><td>२१९-०७९/३/२५</td><td>स्यानिटरी प्याड खरिद</td><td>महालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्स</td><td>१९९३३२०</td></tr>
<tr><td>२०-०७८/७/९</td><td>ल्यापटप खरिद</td><td>संयूक्ता इन्फोसिस</td><td>४९९९७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३२०९९४१</td></tr>
</table>
</td>
<td>३,२०९,९४१</td>
</tr>
</table>

७४			**ठेक्का अभिलेख** ठेक्का अभिलेख - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मानिर्माण ठेक्का कार्यको अभिलेखांकनका लागि महालेखापरीक्षकबाट स्वीकृत म०ले०प०फा०नं०५०७ अनुसारको ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन। अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ।	
७५			**ल्यापटप खरिद** मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ बमोजिम विधुतिय अध्ययन तथा अध्यापनका लागि आबस्यक डिजिटल उपकरणहरुको खरिद सम्बन्धि कार्यक्रम अन्तर्गत ५० प्रतिशत लागत सहभागितामा १९० जना शिक्षकलाई ल्यापटप वितरणको लागि पालिकाले लागत अनुमान रु.१२१५९९६३।९० तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने आपूर्तक मालिका ईन्कर्पोरेट प्रा.लि. काठमाडौंसँग मिति २०७९ जेठ मसान्त भित्र सप्लाई गरी सक्ने गरी २०७९।१।१४ मा रु.१०८४८७९१।- को सम्झौता गरी सोही बराबरको भुक्तानी खर्च लेखेको छ। बोलपत्र सम्बन्धि फायल परीक्षण गर्दा देखिएका व्यहोरा निम्म छन् -	
७५.१			१. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ बमोजिम ५ सदस्यीय छनौट समितिले २७० जना शिक्षक कर्मचारी मध्येबाट १९० जना शिक्षकको नामावली छनौट गरेको र खरिद गरीएका ल्यापटपको कुल लागत रु.१०८४८७९१।– मध्ये पालिकाको रु.५४२४३९५।५० र शिक्षकको निजी साझेदारी लगानी रु. ५४२४३९५।५० रहेको पाईयो। खरिद गरीएका ल्यापटप विभिन्न शिक्षकले व्यक्तीगत रुपमा बुझेर लगेको भर्पाई पेश भएको छ।	
७५.२			२.पालिकाले २०७८।११।२७ मा प्रथम पटक बोलपत्र सम्बन्धि ३० दिने सुचना प्रकाशन गरेकोमा कुनै पनि आपूर्तक बोलपत्रमा सहभागि नभएकोले पुन २०७८।१२।२८ मा दोस्रोपटक ७ दिने सूचना प्रकाशन गरेकोमा तीन आपूर्तकले भाग लिएको। विधुतिय सुचना प्रणाली मार्फत खरिद विधि अबलम्बन गर्नु पर्नेमा म्यानुअल रुपमा खरिद विधि अबलम्बन गरिएको।	
७५.३			३.पालिकाले ल्यापटप खरिद प्रकृयामा पालिकामा सूचना प्रविधि अधिकृत हुँदा हुदै पनि स्पेशिफिकेशन बनाउँदा र बोलपत्र मुल्यांकन समितिमा नराखीएकोले प्राविधिक सामाग्री खरिद गर्दा सुचना प्रविधि विज्ञको परामर्श लिएको नदेखिएको।	
७५.४			४. दर्ता भएका तीन सप्लायर्सले प्रति गोटा मालिका ईन्कर्पोरेट प्रा.लि. काठमाडौको ASUS Brand model no X 509 UA रु .५७०९८।९० , माईक्रोटेक कम्प्युटर एजुकेशन बर्दियाको ASUS Brand model no X 509 UA रु.५७२००।६० र सिलिकन केयर प्रा.लि.को Dell i5- 3585 laptop रु.५७२३४।५० उल्लेख गरेको पाईयो। साथै पालिकाले सुचना प्रकाशन गर्दा विओक्यू स्पेशिफिकेशनमा ब्राण्ड र मोडेल must be specified by the bidder भनि उल्लेख भएता पनि मालिका ईन्कर्पोरेट प्रा.लि. काठमाडौले BOQ मा Model No मा X 509 UA or similar उल्लेख गरेकोमा कबोल गरेकोमा कुन मोडेलको ल्यापटप सप्लाई गर्ने एकिन नहुँदा पनि उक्त सप्लायर्सको बोलपत्र २०७९।१।१४ मा स्विकृत गरेको देखियो।	
७५.५			५. सप्लायर्सले BOQ मा उल्लेख गरेको Model No X509 UA भएता पनि जारी गरेको विजक नं. ३३२ बाट मिति २०७९।२।२६ मा सप्लाई गरेको ल्यापटपको मोडेल X549 U उल्लेख भएकोमा सप्लाई गरेको ASUS को उक्त मोडेल गुगलमा सर्च गर्दा नपाईएको साथै पालिकाले स्पेशिफिकेशनमा उल्लेख भए बमोजिमको सामान भए नभएको परीक्षण गरेर मात्र जिन्सी आम्दानी जनाउनु पर्नेमा पालिकामा सामान सप्लाई भए पश्चात स्पेशिफिकेशन बमोजिम भए नभएको सम्बन्धमा सम्बन्धित विज्ञबाट गुणस्तर परीक्षण समेत नगराएकोले वितरण गरीएका ल्यापटप स्पेशिफिकेशन बमोजिम गुणस्तर भए नभएको एकिन हुन नसकिएको र वितरण गरिएका ल्यापटपको पालिकाबाट गुणस्तरयुक्त भए नभएको सम्बन्धमा एकिन गरिनु पर्ने व्यहोरा लेखापरीक्षणको क्रममा औंल्याए पछी वितरण गरिएका ल्यापटपहरु भौतिक परिक्षण गरि BOQ मा उल्लेख गरेको मोडेलको र स्पेशिफिकेशन बमोजिम नै रहेको भनि सुचना प्रविधि अधिकृतले सिफारिस गरेको प्रतिवेदन छलफलको क्रममा पेश भएको छ। तसर्थ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम मेशिनरी सामाग्री खरिद	

			गर्दा खरिद गरीने समाग्रीसँग सम्बन्धित प्राविधिक विज्ञको परामर्श लिएर मात्र मेशिनरी सामान खरिद गर्ने र गुणस्तर परिक्षण गरेर मात्र सामान वितरण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।	
७६			**विजक पेश नभएको** विजक पेश नभएको - गाँउपालिका र निर्माण व्यबसायी बीच भएको सम्झौता बमोजिम प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा छुट्टै विल भर्पाई पेश गर्नु पर्ने उल्लेख भएकोमा देहायका निर्माण व्यबसायीले निर्मित कामको र कर्मचारीको विमा कम्पनीसँग विमा गराएको प्रोभिजनल सम आईटमबाट विमा प्रिमियम ल्याब टेष्ट र रिलोकेशनको शुल्क वापत रु. २८५९०६।- भुक्तानी गरेकोले विमाको कर विजक तथा ल्यावटेष्ट र रिलोकेशनको विल भर्पाई पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.२८५९०६।-	२८५,९०६

सि.नं.	निर्माण व्यबसायी	भुक्तानी आईटम	भुक्तानी रकम
१	विएल.एन.कन्ष्ट्रक्शन प्रा.लि.	ल्याब टेष्ट	२५०००
	पुरैना सडक स्तरोन्नती निर्माण	आईपिसि १-३ सम्म	
२	रावल निर्माण सेवा	ल्याब टेष्ट	२००००
	सिन्दुरी जाने बाटो निर्माण	आईपिसि- ३	
३	रावल निर्माण सेवा	ल्याब टेष्ट	१५०००
	अहिरन टोल देखि क्रान्तीपुर जाने सडक निर्माण	अन्तिम आईपिसि	
४	रावल निर्माण सेवा	ल्याब टेष्ट	१००००
	अहिरन टोल देखि क्रान्तीपुर जाने सडक निर्माण ठे.नं.२०।०७८।७९	अन्तिम विल	
		वापत	
५	गौरा सिस्ने अमन जेभी	विमा प्रिमियम	१८०९०६
	शित भण्डार निर्माण		
६	रावल निर्माण सेवा	ल्याव टेष्ट	२००००
	बाँके बर्दिया मुल सडक देखि सिन्दुरे गाँउजाने बाटो	अन्तिम विल वापत	
७	आर.सि.विल्डर्स	ल्याव टेष्ट	१५०००
	सामुहिक आबास तथा शौचालय निर्माण		
	जम्मा		२८५९०६

७७			**शित भण्डार निर्माण** गाँउपालिकाले वार्ड नं. ५ खजुरामा १९५०० बर्गफुट **क्षेत्रफलमा** शित भण्डार निर्माणको लागि लागत अनुमान रु.६३७३९४४४।१५ को तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी रवीना -अभियान जुगल जेभि काठमाडौसँग मिति २०७९।५।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।२।१४ मा रु.६१४३२४२३।१३ को ठेक्का सम्झौता गरी यो आर्थिक बर्षको अन्त्य सम्म रु.४७४४५९८५।५५ भुक्तानी खर्च लेखेकोमा देखिएका व्यहोरा निम्न छन्-	
७७.१			१.डिपिआर तयार- र लागत खर्च- शित भण्डार निर्माणको लागि परामर्शदाता मेघामाईण्ड्सले १९५०० बर्गफुट क्षेत्रफलमा तरकारी र फलफुल राख्ने शित भण्डार निर्माणको लागि रु. ८९६०७६५६।- को लागत अनुमान तयार गरी २५० मेट्रीकटन क्षमचाका भुई तलामा ३ वटा शित भण्डार कोठा र पहिलो तलामा पनि सोही क्षमताका ३ वटा शित भण्डार कोठा गरी १५०० मेट्रीकटन तरकारी तथा फलफुल राख्न मिल्ने ६ वटा शित भण्डार कोठा लगायतका संरचना निर्माण गर्ने उद्देश्य रहेको छ। गुरु योजना अनुसार शित भण्डार र अन्य संरचना निर्माणको लागि थप निर्माण कार्य समेत थप हुँदै जादा थप लागत आवस्यक पर्ने र अन्य संरचना थप हुदै जाँदा लागत समेत बढ्दै जाने भएकोले शित भण्डार निर्माणको लागि प्रदेश ,गाँउपालिका र विशिष्टिकृत सहकारी सञ्जाल गरी तीन निकायबाट निर्माण लागत व्यहोर्ने भनिएता पनि सहकारीबाट स्रोत सुनिश्चतता नभएकोले लागत सहभागिता हाल सम्म भएको पाईएन। शित भण्डार र अन्य संरचना निर्माणको लागि थप निर्माण कार्य समेत हाल सम्म भएको कुल खर्च रु.४९९४५९८५।५५ (पेश्की समेत) मध्ये पालिकाबाट रु.११४०००००।– खर्च भएको र बाँकी खर्च प्रदेश सरकारको अनुदानबाट भएको पाईयो।	
७७.२			२.जग्गाको स्वामित्व- शित भण्डार बन्दै गरेको जग्गा सरकारी पर्ती भनिएता पनि उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जा पालिकाको स्वामित्वमा नरहेकोले बन्दै गरेको शित भण्डार भवन एवं अन्य संरचनाको स्वामित्व निर्माण सम्पन्न पश्चात कसको स्वामित्वमा रहने सो को एकिन नभएकोले पालिकाले जग्गाको स्वामित्व आफ्नो नाममा ल्याउनको लागि पहल गर्नु पर्ने देखिन्छ।	
७७.३			३.सञ्चालन र व्यबस्थापन- यति ठुलो लागतमा निर्माण हुने संरचनाको निर्माण सम्पन्न पश्चात यसको सञ्चालन र व्यबस्थापन कसरी हुने र सो को लागत कसले र कसरी व्यहोर्ने सम्बन्धमा कुनै कार्यविधि नबनेकोले संरचना निर्माणको उपयोग र संरचना निर्माणमा भएको लगानीबाट पूँजि निर्माण र सो को उपयोगबाट प्रतिफल प्राप्त हुन सक्ने विश्वसनिय आधार भएन। पालिकाबाट हतारमा संरचना निर्माण गर्ने सो को सञ्चालन र ब्यबस्थापन सम्बन्धमा कुनै पनि कार्यविधि नबन्नाले यस्ता खालका संरचना निर्माणमा हुने लगानी खेर जाने सम्भावना रहेकोले पालिकाले यथाशिघ्र सञ्चालन र ब्यबस्थापन सम्बन्धि कार्यविधि तयार गर्न पनि पहल गर्नु पर्दछ।	
७७.४			४.थप निर्माण कार्य- मुख्य भवन निर्माणका अलवा यस अर्थिक बर्षमा शित भण्डारमा शौचालय निर्माण,चौकीदार भवन तथा जेनेरेटर भवन आदी निर्माणको लागि रु.७४२८१६९।७२ को लागत अनुमान तयार गरी सबै भन्दा घटी कवोल गर्ने शुभशान्ती निर्माण सेवासँग मिति २०७९।।३।२० भित्र निर्माण कार्य सक्ने गरी रु.५७४५२९५।१३ को सम्झौता गरेकोमा यस आर्थिक बर्षमा रु.१००००००।– मोविलाईजेशन पेश्की मात्र लगेको र निर्माण कार्य सम्पन्न हुन नसकि मिति २०७९।९।३० सम्म म्याद थप गरेकोमा थप गरेको अवधिमा पनि निर्माण कार्य सम्पन्न हुन सक्ने अबस्था देखिदैन। बाँकी निर्माण कार्य समयमा नै सम्पन्न गर्नु पर्दछ।	
७७.५			५.म्याद थप- निर्माण व्यबसायी रवीना -अभियान जुगल जेभि काठमाडौसँग मिति २०७९।५।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।२।१४ मा रु.६१४३२४२३।१३ को ठेक्का सम्झौता गरी यो आर्थिक बर्षको अन्त्य सम्म रु.४७४४५९८५।५५ भुक्तानी खर्च लेखेको छ। तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसकि निर्माण व्याबसायीले २०७९।२।२९ मा मिति २०७९।९। ३० सम्म म्याद थपको लागि निवेदन पेश गरेकोमा पालिकाले म्याद थप सम्बन्धि कारबाही अगाडी बढाएको पाईएन। म्याद थप गर्नु पर्ने प्रयाप्त आधार प्रमाण भएमा पालिकाले सार्वजनिक खरिद नियमावलीमा भएको व्यबस्था अनुसार म्याद थप गरी दिनु पर्ने अन्यथा पुर्वनिर्धारित क्षतिपूर्ति सहित बाँकी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ।	
७८			**सभागृह बहुउद्देश्यीय हल निर्माण** गाँउपालिकाले वार्ड नं. ३ खजुरामा ३८७७ बर्ग मिटर क्षेत्रफल मध्ये १५२६.०६७ बर्ग मिटर क्षेत्रफलको सभागृह बहुउद्देश्यीय हल निर्माणको लागि लागत अनुमान रु. ७२८९८१८२।२९ को तयार गरीएकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी अमर कन्ष्ट्रक्शन प्रा.लि. काठमाडौसँग मिति २०७९।३।३० (पछिल्लो पटक म्याद थप समेत) भित्र निर्माण कार्य सक्ने गरी २०७६।२।२४ मा रु.४८०३६५६०।९० को ठेक्का सम्झौता गरी यो आर्थिक बर्षको अन्त्य सम्म	

			रु.३०११६२२३।११ भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धि अन्य व्यहोरा निम्न छन् -	
७८.१			१.कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राख्नु पर्ने व्यबस्था रहेको छ। पालिकाले कार्य सम्पादन जमानत वापत उक्त निर्माण कार्यको सम्झौता बमोजिम रु.५७०६७०५।– लिनु पर्नेमा नेपाल बंगलादेश बैंक नेपालगंज शाखाको रु.५६०००००।– को मात्र बैंक जमानत पेश गरेकोले नपुग जमानत रु.१०६७०५।– थप गर्नु पर्ने रु.	१०६,७०५
७८.२			२.म्याद थप- उक्त निर्माण कार्य पछिल्लो पटक थप गरीएको म्याद २०७९।३।२० सम्म मात्र रहेकोमा उक्त मितिमा निर्माण कार्य सम्पन्न हुन नसकेको र निर्माण व्यावसायीले म्याद थप मागको लागि निवेदन पेश समेत नगरेकोले पालिकाले म्याद थप सम्बन्धि कारबाही अगाडी बढाएको पाईएन। म्याद थप गर्नु पर्ने प्रयाप्त आधार प्रमाण भएमा पालिकाले सार्वजनिक खरिद नियमावलीमा भएको व्यबस्था अनुसार म्याद थप गरी दिनु पर्ने अन्यथा पुर्वनिर्धारित क्षतिपूर्ति सहित बाँकी निर्माण कार्य सम्पन्न गर्नु पर्दछ।	
७८.३			३.सक्कल विजक पेश नभएको- सार्वजनिक खरिद नियमावलीमा,२०६४ को नियम १२३ मा विल वा बीजकको भुक्तानी सम्बन्धि व्यबस्था रहेको छ। पालिकाले सभागृह भवन निर्माण वापत अमर कन्ष्ट्रक्शन प्रा.लि. कलंकी काठमाडौंलाई छैटौ रनिगं विल रु.२२३४३५२।५१ र सातौं रनिगं विल (विजक नं.४८।०७९।३।९) रु.२०७१९६०।८८ समेत रु.४३०६३१३।३९ को फोटो कपि विजकको आधारमा भुक्तानी गरेकोले सो को सक्कल विजक पेश हुनु पर्दछ।	
७९			**कार्य सम्पादन जमानत** कार्य सम्पादन जमानत- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा निर्माण व्यबसायी वा आपुर्तकले समझौता बमोजिमको कार्य सम्पादन जमानत राख्नु पर्ने व्यबस्था रहेको छ। पालिकाले बाँके बर्दिया मुल सडक देखि सिन्दुरी गाँउ जाने बाटो निर्माण कार्य ठे.नं.१०।०७८।७९ निर्माण व्यबसायी रावल निर्माण सेवा बर्दियाले नेपाल बंगलादेश बैंक लि. कोहलपुरशाखाको कार्य सम्पादन जमानत रु. १५०००००।– २०८०।०४।३१ सम्म हुनु पर्नेमा २०७९।०४।३१ सम्म मात्र रहेकोले घटी अवधिको कार्य सम्पादन जमानतको बैंक जमानत लिएकोले नियमावलीमा भएको व्यबस्था बमोजिम त्रुटी सच्याउने अवधि सम्मको कार्य सम्पादन जमानत लिनु पर्ने रु.१५०००००।-	१,५००,०००
८०			**निजी क्षतिग्रस्त भवन निर्माण** निजी क्षतिग्रस्त भवन पूनः निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित निजी आवास कार्यक्रम अन्तर्गत २०७१ सालको बाढी पहिरेबाट क्षतिग्रस्त भएका जिल्लामा निजी आबास पुन निर्माण अनुदान सम्बन्धि कार्यविधि २०७३ मा घडेरी नभएका व्यक्तीलाई प्रति व्यक्ती रु.३५००००।– घडेरी भएकालाई रु.३०००००।– का दरले अनुदान दिने व्यबस्था रहेको छ। पालिकाले बाढी पहिरोबाट घरबार बिहिन भएका विभिन्न ४४ जना व्यक्तीलाई जग्गा खरिदको लागि प्रथम किस्ता वापत रु.५००००।– का दरले रु.२२०००००।-र आवास निर्माणको लागि विभिन्न ७९ जनालाई प्रथम किस्ता वापत रु.३९५००००।– समेत रु.६१५००००।– अनुदान उपलब्ध गराएकोमा बाँकी किस्ता अनुदान प्रदान गरी आबास निर्माण कार्य सम्पन्न गरी सो को प्राविधिक मुल्यांकन समेतको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.६१५००००।-	६,१५०,०००
८१			**विमा अवधि** विमाको म्याद- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा दश लाखरुपैया भन्दा बढी (२०७८।१२।३ भन्दा पहिले ठेक्का सम्झौता भएको) को निर्माण कार्य गर्दा निर्माण गरीने कामको,मेशिनरी सामान र सामाग्रीको सम्झौतामा उल्लख भए बमोजिम त्रुटी सच्याउने अवधि सम्मको विमा अवधि रहने गरी विमा गराउनु पर्ने व्यबस्था रहेको छ। पालिकाले देहायका निर्माण व्याबसायीले कम अवधिको विमा गरेकोले नियमावलीमा भएको व्यबस्था अनुसार विमा अवधि रहेको पोलिसीको म्याद बढाउनु पर्ने देखिएको।	

सि.नं.	निर्माण व्यावसायीको नाम। ठेक्का नं.	ईन्स्योरेन्स कम्पनि र विमांक	भएको अवधि	हुनु पर्ने अवधि
१	स्ट्रेटलाईन कन्ष्ट्रक्शन खजुरा ठे.नं.३।०७८।७९	लुम्बिनी जनरल। रु.४४२४१७६।९५	१३ अप्रिल २०२३	१४ जनवरी २०२४
२	शुभशान्ती निर्माण सेवा ठे.नं.२२।०७८।७९	निको ईन्स्योरेन्स रु.५७४५२९५।-	४जुलाई , २०२३	१४ जनवरी २०२४

८२

अधुरो निर्माण कार्य

अधुरो निर्माण कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ मा सम्झौता बमोजिमको तोकिएको मितिमा निर्माण कार्य सम्पन्न गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले निम्न निर्माण कार्य तोकिएको मितिमा सम्पन्न नगरी लेखापरीक्षण अवधि सम्म पनि अधुरो रहेकोले रु. ५२४७६२१०।७० मुल्य बराबरको बाँकी निर्माण कार्य समयमा सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

निर्माण कार्य	निर्माण व्यवसायी	सम्झैता रकम	भुक्तानी रकम	निर्माण हुन बाँकी रकम	सम्झौता मिति	सम्पन्न गर्नु
वडा नं.३ विभिन्न ठाँउको पक्की बाटो	स्ट्रेट लाईन कन्स्ट्रक्सन ३।०७८।७९	३७६०१५३.८७	१३००७७६	२४५९३७७.८७	२०७८।७।४	२०७८।१२।
खुशियाली घरमा टहरो र शौचालय निर्माण	आर सि बिल्डर्स,बर्दिया ठे.नं.०४।०७८।७९	२७२०५८७.८३	७६१४९८	१९५९०८९.८३	२०७८।७।४	२०७८।१२।
उढरा देखि वडा नं.६ जाने बाटो स्तरोन्नती	प्रेम निर्माण सेवा ठे.नं.०६।०७७।७८	३९०९०४६.७८	६४१६५८.७२	३२६७३८८.०६	२०७८।७।४	२०७८।१२।
वडा नं.४र६ आधारभुत स्वास्थ्य केन्द्रको अधुरो भवन	आर सि बिल्डर्स,बर्दिया ठे.नं.०९।०७८।७९	२६४११३७.४६	१०२०८४२	१६२०२९५.४६	२०७८।७।४	२०७८।१२।
वडा नं.७ कार्यालय देखि मंगलपुर सडक स्तरोन्नती	रावल निर्माण सेवा बर्दिया ठे.नं.११।०७८।७९	३०७५२८५.६६		३०७५२८५.६६	२०७८।७।४	२०७८।१२।
बसन्तपुर हुँदै पलगाँउ जानेबाटो स्तरोन्नती	रावल निर्माण सेवा खजुरा ठे.नं.१६।०७८।७९	१९०६३२०.०५	८३४५३६.०६	१०७१७८३.९९	२०७८।९।२५	२०७९।२।३
शित भण्डार निर्माण	शुभशान्ति निर्मासेवा ठे.नं.२२।०७८।७९	५७४५२९५.२४	१००००००	४७४५२९५.२४	२०७८।११।१५	२०७९।३।२
वडा नं.६ को अधुरो भवन निर्माण	आर सि बिल्डर्स,बर्दिया ठे.नं.२५।०७८।७९	६६५८१३		६६५८१३	२०७८।११।१८	२०७९।३।२
खजुरा बजारभित्र कालोपत्रे सडक निर्माण	शुभानी कन्स्ट्रक्सन ठे.नं.२६।०७८।७९	११४४५४६	७६६७७३.६७	३७७७७२.३३	२०७८।११।०६	२०७९।३।२
बहुउद्देश्यीय सभाहल निर्माण	अमर कन्स्ट्रक्सन ठे.नं.१५।०७५।७६	६४२८८७८०.६६	५४८७४५७३.८	९४१४२०६.८६	२०७६।२।२४	२०७९।३।२
पालिकाको प्रशासनिक भवन निर्माण	एस.के.जुगल जेभी ठे.नं.३८।०७७।७८	७६७६३४४९	५३६०४७१९.५	२३१५८७२९.५	२०७८।२।१४	२०७९।८।१
शित भण्डार निर्माण	रविना अभियान जुगल जेभी	६२०९३५९६	६१४३२४२३.१	६६११७२.९	२०७८।२।१४	२०७९।३।३

			ठे.नं.३९।०७७।७८							
			जम्मा	२२८७१४०११.५५	१७६२३७८०१	५२४७६२१०.७				

८३		२०७९-११-२	**आवास पुन निर्माण** आवास पूनः निर्माण- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ (२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरीत सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सुरक्षित छाना छाउने कार्य गर्न सबै वडामा छनौंट भई आएका विभिन्न १७८ व्यक्तिहरुलाई प्रतिव्यक्ति रु. ३००००।– का दरले प्रथम किस्ता वापत रु.५३४००००।– अनुदान उपलब्ध गराएकोमा १५९ जना व्यक्तिले दोस्रो किस्ता समेत रु.७९५००००।– को निर्माण सम्पन्न प्राविधिक प्रतिवेदन पेश भएको र प्रथम किस्ता वापत रु.३१५००००।-लगेका विभिन्न १०५ जना व्यक्तीले दोस्रो किस्ता वापत भुक्तानी लिन नआएकोले बाँकी रहेको किस्ता भुक्तानी लगि प्राविधिकको कार्यमूल्याङ्कन तथा कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने देखिएको रु.३१५००००।-	३,१५०,०००
८४			**वितरण मुखी कार्यक्रम** वितरणमुखी अनुदान कार्यक्रम – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष देहायअनुसारका संस्थाको कार्यालय व्यवस्थापन तथा निर्माण कार्यमा रु. १४७५०६०६।- अनुदान उपलब्ध गराएका छन् । अत यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।	

खर्च गरीएको संस्थाको नाम र ठेगाना	अनुदान रकम
मन्दिर हाता भित्र घेरबार तथा मर्मत	२४९०००
ईदगाहा निर्माण	२०००००
खजुरा ब्याड्मीन्टन क्लब	१५०००००
गुड न्युज एलजी चर्च मर्मत तथा सामान खरिद	१०००००
कालिका बहुउद्देश्यीय सहकारी संस्था भवन निर्माण	७४६६०६
सोनबर्षा राम जानकी मन्दिर मर्मत सम्भार	३०००००
एलगाउँ शिव दुर्गा बागेश्वरी मन्दिर निर्माण	३१००००
ठुलो जामा मदरसा मर्मत तथा रङ्गरोगन	१७००००
सिन्दुरी मन्दिर मर्मत सम्भार	३०००००
पर्खाल निर्माण कार्य शिव मन्दिर राधापुर	४०००००
शिव मन्दिर निर्माण वडा नं.६	३०००००

संसारी माई भगवती मन्दिर मर्मत सुनौलोटोल	५००००
शिव मन्दिर निर्माण वडा नं.४ ईगाउँ	१०००००
मन्दिर निर्माण कार्य	१०००००
चर्च को भवन निर्माण	१०००००
नेपाल रेडक्रस उपशाखा भवन निर्माण	१६२५०००
दुर्गा भवानी मन्दिर	५०००००
सुनौलो युवा क्लब भवन निर्माण	२०००००
सि गाउँ भद्रकाली मन्दिर पर्खाल निर्माण	४०००००
लक्ष्मीनारायण मन्दिर तारबार जाली	१०००००
जम्मा	७७५०६०६

८५

विद्यालय भौतिक पूर्वाधार

२१,५५०,००
०

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) अनुसार करारका सर्त वमोजिम प्राविधिक नापजाँचा गरी नापी कितावमा उल्लेखको वास्तविक कार्य सम्पादनको आधारमा भूक्तानी दिन पर्ने उल्लेख छ। गाँउपालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे र दुई कोठे विद्यालय भवन निर्माणमा विनियोजित भएको बजेट शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमिको च.नं.२२५ मिति २०७९।३।१७ को पत्रानुसार सम्बन्धित विद्यालयलाई नै जिम्मेवार बनाई कार्य प्रगतीको आधारमा निर्माण कार्यको रकम भुक्तानी हुने गरी देहायका विद्यालयको खातामा भौ.नं. ६३।०७९।३।२४ समेतबाट विद्यालय भवन निर्माण वापत रु.१९६०००००।– र आईसिटि प्रयोगशाला वापत रु.१९५००००।– समेत रु. २१५५००००।– विद्यालय व्यबस्थापन समितिको खातामा निकाशा गरेको छ। उक्त रकमबाट भए गरेका भौतिक पूर्वाधार सम्बन्धी कार्यको प्राविधिक मूल्याङ्कन सहितको कार्य सम्पन्न प्रतिवेदन, सहितको प्रमाण कागजात पेश हुनुपर्ने रु.२१५५००००।-

सि.नं.	विद्यालयको नाम	वापत	निकासा रकम
१	ज्ञानोदय मा.वि. खजुरा	४ कोठे भवन	७००००००
२	नेपाल राष्ट्रिय मा. वि.मनकामनापुर	४ कोठे भवन	३६०००००
३	भानु मा.वि. उठरापुर खजुरा	४ कोठे भवन	३६०००००
४	अमर मा.वि.गौतमबस्ती	४ कोठे भवन	३६०००००
५	नेपाल राष्ट्रिय तिर्खा प्रा.वि. जलपोखरी	२ कोठे भवन	१८०००००
६	अमर मा.वि.गौतमबस्ती	आईसिटी ल्याव	६५००००
७	नेपाल राष्ट्रिय मा.वि. गोदहना	आईसिटी ल्याव	६५००००

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>८</td><td>शुक्र मा.वि.केगाँउ</td><td>आईसिटी ल्याव</td><td>६५००००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>२१५५००००</td></tr></table></td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>खरिद कारबाहिको अभिलेख

खरिद कारवाही अभिलेख – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>